# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बेदकोट नगरपालिका

### कञ्चनपुर





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बेदकोट नगरपालिका

कञ्चनपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## बेदकोट नगरपालिका

कञ्चनपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय,सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५०१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बेदकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले बेदकोट नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ९७ लाख ९५ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. १९ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५६ लाख ४८ हजार र नियमित गर्नुपर्ने रु २ करोड २२ लाख २९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ८ करोड ४६ लाख २९ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १३ करोड २८ लाख १९ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेदकोट नगरपालिका, कञ्चनपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९२ | १३४ | ४९७९५ | ० | ० | ० | ९२ | १३४ | ४९७९५ | १९१७ | २२२२९ | २५६४८ | ० | ० | ४७८७७ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बेदकोट नगरपालिका, कञ्चनपुर | ८४६२९ | ० | १६०५ | ८३०२४ | ० | ४९७९५ | १३२८१९ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बेदकोट नगरपालिका, कंचनपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Padam Raj Bhatta | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Prem Bahadur Nidal | २०७७-४-१ | २०७९-२-३ |
| लेखा प्रमुख | Deepak Raj Joshi | २०७९-२-४ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४९,७९५,१२१.७५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २३,५१,९०,५६१.२८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,१७,७१,१६७ | **चालु खर्च** | ३५,३५,१५,२७८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,६६,२४,९०४ | **पूँजीगत खर्च** | १७,३७,८२,५१४ |
| **राजश्व बाँडफाँट** | १३,५९,१३,०८३.१५ | **वित्तीय/अन्य व्यवस्था** | २७,१०,१५,०१२.७५ |
| **आन्तरिक आय** | १,५३,२४,५२५ | | |
| **अन्य आय** | २१,१२,४३,०९३ | | |
| **कुल आय** | ८४,०८,७६,७७२.१५ | **कुल खर्च** | ७९,८३,१२,८०४.७५ |
| **बाँकी मौज्दात** | | २७,७७,५४,५२८.६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा, १६९।९२ वर्ग किलोमिटर क्षेत्रफल तथा ६२७९१ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः | |
| ३ | | | **वित्तीय प्रतिवेदन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |
| ३.१ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले यस आर्थिक वर्षमा रु.१०७६०६७३३३।६१ को आय व्यय विवरण पेश गरेकोमा सामाजिक सुरक्षा तर्फको रु.१७९७५२१९१।० र स्वच्छ वातावरण कार्यक्रम तर्फको रु.१८७०९१३।० समेत रु.१८१६२३१०४।० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ३.२ | | | **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.५८ लाख ३२ हजार, यस वर्षको प्राप्ति रु.५करोड ९१ लाख १२ हजार र यस वर्षको भुक्तानी रु.५ करोड ३६ लाख ६८ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । (रकम रु. हजारमा) | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २४१०२३ | ६००१४२ | ५६३०२२ | २७७७५५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>२३५१९१</td><td>६५९२५४</td><td>६१६६९०</td><td>२७७८५५</td></tr>
<tr><td>फरक</td><td>५८३२</td><td>५९११२</td><td>५३६६८</td><td>०</td></tr>
</table>
उल्लेखित फरक रकम अनुसार म.ले.प. फा.नं. २७२ मा कर्मचारी कल्याणकारी कोषको रु.२० लाख, महिला तथा बालबालिका कोष रु.५० हजार, कार्य सञ्चालन कोषको रु.१० लाख यस वर्षको आम्दानी रहेकोमा उक्त रकमलाई गत वर्षको मौज्दातमा जनाएर देखाएको गत वर्षको जिम्मेवारी फरक परेको र संघीय सरकार र प्रदेश सरकारको सशर्त, विशेष तथा समपुरक अनुदान फिर्ता रु.५ करोड ३६ लाख ६८ हजार फिर्ता पश्चातको रकम मात्र कायम भएकोले फरक परेको प्रतिक्रिया दिएको छ ।</td><td></td></tr>
<tr><td>३.३</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२४५७६।० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.४</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार<br>२०७९।३।३१को बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार<br>२०७९।३।३१ को बाँकी</th></tr>
<tr><td>1</td><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>0</td><td>0</td></tr>
<tr><td>2</td><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>0</td><td>0</td></tr>
<tr><td>3</td><td>ग१.३, आन्तरिक अनुदान खाता</td><td>0</td><td>0</td></tr>
<tr><td>4</td><td>ग२.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>२४५७६</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>5</td><td>गर२.३, पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>०</td><td>०</td></tr>
<tr><td>6</td><td>गर२.७विविध खर्च/कोषखाता</td><td>८५२९६९६.७७</td><td>२८७६६००१.४८</td></tr>
<tr><td>7</td><td>गर३.१, स्थानीय तह धरौटी खाता</td><td>११८८६२५५.७८</td><td>११८८६२५५.७८</td></tr>
<tr><td>8</td><td>गर४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>२५४८०२७१२.०५</td><td>२५४८०२७१२.०५</td></tr>
<tr><td>9</td><td>गर६.१, स्थानीय तह विभाज्य कोष खाता</td><td>०</td><td>७७७१३८६.०</td></tr>
<tr><td>10</td><td>गर७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>२९३८६१६</td><td>२९३८६१६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७८१८१८५६.६०</td><td>२८०२७४९७१.३१</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान विवरण पेश गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु.२४५७६।० मौज्दात राखेको पाईयो,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ८५ जनाको स्थायी दरबन्दी रहेकोमा ३१ स्थायी दरबन्दी रिक्त रहेको पाईयो,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री शुसिला सिंहले मिति २०७८।३।१० गते रु.६६ करोड ९२ लाख ३३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।१०।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । तसर्थ समयमा नै अख्तियारी दिनुपर्दछ । | |
| ५.२ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ५.३ | | | **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | | बजेट र खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th>बजेट उपशीर्षक</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>चालु खर्च तर्फ</td><td>४९५३६६</td><td>३५३५१५</td><td>१०९३६१</td><td>७६२९९</td><td>१२१४३५</td><td>७८७१२</td><td>२६४५७०</td><td>१९८५०४</td></tr>
<tr><td>२</td><td>पुँजीगत खर्चतर्फ</td><td>२९७५३४</td><td>१७३७८३</td><td>४५३००</td><td>२७०२</td><td>५०४८७</td><td>२५११६</td><td>२०१७४७</td><td>१४५९६५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७९२९००</td><td>५२७२९८</td><td>१५४६६१</td><td>७९००१</td><td>१७१९२२</td><td>१०३८२८</td><td>४६६३१७</td><td>३४४४६९</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.५२करोड ७२ लाख ९८ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.७ करोड ९० लाख १ हजार अर्थात १४.९८ प्रतिशत, दोश्रो चौमासिकमा रु.१० करोड ३८ लाख २८ हजार, अर्थात १९.६९ प्रतिशत र तेश्रो चौमासिकमा रु.३४करोड ४४ लाख ६९ हजार, अर्थात६५.३२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१८ करोड १७ लाख ५९ हजार अर्थात ३२.५७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २४१ योजनामा वजेट विनियोजन गरेको छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="2">रु. १ लाख सम्म</td><td colspan="2">रु. १ लाख देखि २ लाखसम्म</td><td colspan="2">रु. २ लाखदेखि ५ लाखसम्मका</td><td colspan="2">रु. ५लाख देखि १० लाखसम्मका</td><td colspan="2">रु. १० लाखभन्दा बढीको</td><td rowspan="2">जम्मा</td></tr>
<tr><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>५५</td><td>४९९९८</td><td>५८</td><td>९५९८</td><td>५९</td><td>२५६९३</td><td>२८</td><td>२५६१९</td><td>४१</td><td>१२२५३९</td><td>२३३४४९</td></tr>
</table>
उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>रकमान्तर -आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू. १० करोड ६३ लाख २० हजार अर्थात कुल बजेट रू. ६६ करोड ९२ लाख ३३ हजारको १६।६३ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see nested table below) | |
| ५.७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| | | | | **जम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२७६११७६४ | ६३८२१४८९ | १२।१० |
| २ | पूर्वाधार विकास | ११६०२०९४९ | ७१२००८३१ | १३।५० |
| ३ | सामाजिकविकास | ३७२०८५९०७ | 274501873 | ५२।०६ |
| ४ | बातावरण तथा विकास | ० | ० | ०।० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १७३१८१०८ | ८२८९८८५ | १।५७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १५९८६३२७२ | १०९४८३७१४ | २०।७६ |
| **जम्मा** | | **७९२९०००००** | **५२७२९७७९२** | १००।०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.०६ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटी अर्थात बजेट विनियोजन नै भएको छैन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बेरुजु लगत**<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार पालिकाले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फर्स्यौटका लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याएको नपाइएकोले प्रयोगमा ल्याउनु पर्दछ । | |
| ७ | | | **खर्च बिश्लेषण**<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१ करोड ५३ लाख २४ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.६१ करोड ४३ लाख ९ हजार समेत रु.६२ करोड ९६ लाख ३३ हजार आम्दानी भएकोमा चालु तर्फ रु.३५ करोड ३५ लाख १५ हजार र पूँजिगत तर्फ रु.१७ करोड ३७ लाख ८२ हजार रु.५२करोड ७२ लाख ९७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१ करोड ९ लाख ८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७१.१८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.०४ प्रतिशत चालु र ३२.९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ८ | | | **खरिद सम्झौताको अवस्था**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्बजनिक खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनुपर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा सम्झौता गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो बर्ष क्रमागत बाहेक रु.१० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
करोड ५६ लाख ७४ हजार बराबरको खरिद सम्झौता गरेको छ । कार्यालयले यस बर्ष निम्न अनुसार ठेक्का सम्झौता भएको बिबरण उपलव्ध गराएको छ ।
<table>
<tr><th rowspan="3">क्र.सं.</th><th rowspan="3">कार्यक्रम को नाम</th><th colspan="10">खरिदसम्झौता</th><th colspan="2" rowspan="2">यस वर्ष सम्पन्न</th></tr>
<tr><th colspan="2">जम्मा</th><th colspan="2">प्रथम चौमासिक</th><th colspan="2">दोस्रो चौमासिक</th><th colspan="2">तेस्रो चौमासिक</th><th colspan="2">आषाढ महिनाको मात्र</th></tr>
<tr><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th><th>सङ्ख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>ठेक्का</td><td>३३</td><td>७७९७७</td><td>४</td><td>६८९९</td><td>५</td><td>१६६२३</td><td>२४</td><td>५४४५४</td><td>०</td><td>०</td><td>१३</td><td>२१४४६</td></tr>
<tr><td>२</td><td>उपभोक्ता समिति</td><td>१३८</td><td>२७६९७</td><td>०</td><td>०</td><td>४५</td><td>११८५८</td><td>९३</td><td>२५२०६</td><td>१५</td><td>२२५०</td><td>१३८</td><td>२७६९७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
पेश्की बाँकी<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायतित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिनभित्र आवश्यक कागजात संलग्न राखी फस्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>प्रयोजन</th><th>पेश्की लिनेको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१</td><td>बेदकोट नगरपालिका वडा नं ४ मा रहेको लिंगेश्वरपर्यटकीय क्षेत्रको सांस्काकृतिक, पुरातात्विक तथा पर्क्रयटकीय महत्वका पूर्वाधार</td><td>जोशी बिल्डर्स एण्ड कम्पनी प्रा.ली.</td><td>४०,००,०००.००</td><td>०.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २ | विद्यालय भवन निर्माण गर्ने कार्य (४ कोठे २ वटा) | सुमन कन्स्ट्रक्सन | ६,५०,०००.०० | ०.०० |
| ३ | विद्यालय भवन निर्माण गर्ने कार्य (४ कोठे २ वटा) | सुमन कन्स्ट्रक्सन | ६,५०,०००.०० | ०.०० |
| ४ | सिद्धनाथ टोल,चम्पापुर,शिबलिंगेस्वर, धरमपुर सिसैया झो.पु | मालिका इन्जिनियरिङ्ग एण्ड मेकानिकल वकर्स प्रा.लि. | ८,५५,०००.०० | ०.०० |
| ५ | बेदकोट तालमा संरचना निर्माण (३०/CW/२०७७/७८) | सुमन कन्स्ट्रक्सन | २,०९,०००.०० | ०.०० |
| ६ | वडा कार्यालयको भवन निर्माण | बाबा हुनैनाथ दार्चुला कन्सट्रक्सन | ६,५०,०००.०० | ०.०० |
| ७ | बेदकोट न.पा. ६ सिसैया साझ घर देखि भम्केश्वर मन्दिर जाने सडक कालोपत्रे | ध्रुब कन्सट्रक्सन | १,६०,०००.०० | ०.०० |
| ८ | गैलनदी नयाँ नहरदेखि धनीराम चुनारको घर हुँदै वृद्धाश्रम सडक कालोपत्रे गर्ने काम वडा नं. ८ | ध्रुब कन्सट्रक्सन | १,५५,०००.०० | ०.०० |
| ९ | समपूरक कोष -Matching fund (तराई मधेश सम्बृद्धि कार्यक्रम, संघ र प्रदेशका समपूरक योजना, सामुदायिक वन, पर्यटन मन्त्रालय पर्यटन उपज कार्यक्रम, UNDP, | ध्रुब कन्सट्रक्सन | ३,१५,०००.०० | ०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | भूमिहिन सुकुम्बासीका नमुना आवास कार्यक्रम HABITAT, तथा अन्य संघ संस्था) | | | |
| १० | बेदकोट तालमा संरचना निर्माण (३०/CW/२०७७/७८) | सुमन कन्स्ट्रक्सन | २,७२,०००.०० | ०.०० |
| ११ | बेदकोट न.पा. ६ सिसैया साझ घर देखि भम्केश्वर मन्दिर जाने सडक कालोपत्रे | ध्रुब कन्सट्रक्सन | १,६०,०००.०० | ०.०० |
| १२ | गैलनदी नयाँ नहरदेखि धनीराम चुनारको घर हुँदै वृद्धाश्रम सडक कालोपत्रे गर्ने काम वडा नं. ८ | ध्रुब कन्सट्रक्सन | १,५६,२५०.०० | ०.०० |
| १३ | समपूरक कोष -Matching fund (तराई मधेश सम्बृद्धि कार्यक्रम, संघ र प्रदेशका समपूरक योजना, सामुदायिक वन, पर्यटन मन्त्रालय पर्यटन उपज कार्यक्रम, UNDP, भूमिहिन सुकुम्बासीका नमुना आवास कार्यक्रम HABITAT, तथा अन्य संघ संस्था) | ध्रुब कन्सट्रक्सन | ३,१६,२५०.०० | ०.०० |
| १४ | खेलकुद पूर्वाधार निर्माण वडा नं. ६ | चौधरी कन्स्ट्रक्सन सेवा | ७,००,०००.०० | ०.०० |
| जम्मा | | | ९२,४६,५००.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| १० | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ। सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ११ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| १२ | | | **न्याय सम्पादनको अवस्थाः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा गता आ.व.को विवाद समाधान हुन बाँकी ४ वटा सहित यस आ.व.२०७८/७९ मा दर्ता भएको ३१ उजुरीमा ३० फर्छ्यौट भई ५ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । बाँकी उजुरी समेत समयमा नै किनारा लगाउनु पर्दछ । | |
| १३ | | | **कानून निर्माणको अवस्थाः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले विगत वर्षहरुमा ४१ वटा कानुन निर्माण गरेको र चालु आ.व.मा ५ वटा ऐन र २ वटा कार्यविधि बनाएको देखिन्छ। नगरपालिकाले आफ्नो क्षेत्रअधिकारभित्रको नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन ।नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **संगठन तथा व्यवस्थापन सर्वेक्षणः**<br><br>नगरपालिकाले संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन,२०७७ नगरपालिकाको नवौं नगर सभाको निर्णय नं १७ बाट पारित गरी साबिक ८५ दरबन्दीबाट सेवा प्रवाह तथा समग्र कार्य सम्पादनमा अपर्याप्त हुने भनि ४५ दरबन्दी थप गरी १२७ दरबन्दि कायम गरेको पाईयो ।पालिकाले दरबन्दी थप गर्दा पालिकाको खर्चको आकार, आन्तरिक आम्दानी र राजश्वको क्षमताले खाम्ने सुनिश्चित गरेर मात्र थप गर्नुपर्नेमा सो नगरी दरबन्दी थप गरेको पाईयो । | |
| १५ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर नगरपालिकाले विभिन्न पदमा ८८ जना कर्मचारीहरु करारमा राखि रु.१,१०,०१,८१२.०० खर्च लेखेको छ ।पालिकले व्यवस्थापन सर्भेक्षणद्वारा कार्यबोझको विश्लेषण गरी सृजना गरेको पदमा मात्र कर्मचारी करारमा राखी खर्च गर्न सक्नेछ । | |
| १६ | | | **खाना तथा विविध खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाको आन्तरिक आय रु.१,५३,२४,५२५.०० रहेकोमा पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३१,४७,२८५.०० खर्च गरेको पाईयो ।आन्तरिक आयको २०.५३ प्रतिशत विविधमा खर्च गर्नु उपयुक्त देखिएन । | |
| १७ | | | **आर्थिक सहायताः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३९ संघसंस्था र व्यक्तिहरुलाई रु.५,०००/- देखि रु.४०,०००/- सम्म कुल रु. ४,४५,४३५.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक सहायता वितरण गरेको छ ।उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १,५३,२४,५२५.०० को २.९० प्रतिशत हुन आउँछ ।निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । | |
| १८ | | | **तलबि प्रतिवेदन पारित नभएको:**<br><br>निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७ कर्मचारीको र पालिकाका ३६ कर्मचारीको रु.४,६०,२८,५६२.०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| १९ | | | **प्रशासकिय संगठन तथा कर्मचारी व्यवस्थापन:**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५४ जना मात्र पदपूर्ती भएको देखिन्छ ।पालिकामा प्रमुख प्रशासकिय अधिकृत,ईन्जिनियर,जन स्वास्थ्य अधिकृत,कृषि अधिकृत जस्ता महत्वपुर्ण पदहरु रिक्त रहेको पाईयो ।दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने हुँदा रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २० | | | **निजी विद्यालय व्यवस्थापन:**<br><br>यस पालिकामा २६ वटा निजी विद्यालय रहेका छन् । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखांकन गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>जिन्सी तथा सम्पत्ति संरक्षण<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६(१) तथा १११(१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेस गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामग्रीहरुलाई एक महिनाभित्र लिलाम प्रकृया सुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने सामाग्रीलाई समिति बनाइ मिनाहा दिनुपर्ने व्यबस्था छ ।कार्यालयले उपलब्ध गराएको जिन्सि निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेका २९ किसिमका १५४ समान, २८ किसिमका ६२ सामाग्रीहरु जस्तै ल्यापटप, डेस्कटप आदि लगायतका समान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । उल्लेखित समानहरुलाई नियमावलीमा भएको व्यबस्था बमोजिम लिलाम तथा मर्मत गरी कार्यालयले जिन्सि अद्यावधिक गर्नुपर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सरकारी सामुदायिक तथा सार्वजानिक सम्पत्तिको रेखदेख, मर्मत संभार र संरक्षण गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजानिक सम्पत्तिको मर्मत तथा संभार गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो कार्यालय भवन र केहि वडा र स्वास्थ्य कार्यालयका भवन निर्माण गरी सञ्चालयन पनि गरेको छ तर उक्त भवनहरुको भोगाधिकार र लालपुर्जा लिएको देखिएन । पालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजानिक सम्पत्तिको विवरण अद्यावधिक गरी अतिक्रमण एवं दुरुपयोग हुन नदिई संरक्षण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कोरोना प्रकोप<br><br>आर्थिक वर्षभरिमा पालिकाको कोरोना कोषमा गत वर्षको अ.अल्या रु.४३,०६,६४०।०० र संघीय सरकारबाट प्राप्त अनुदान रु.९००,०००।०० गरि जम्मा ५२,०६,६४०।०० रहेकोमा सो सम्बन्धि बाकि विवरण निम्नानुसार छ :-<br><br><table><tr><th>आय</th><th>रकम रु.</th><th>व्यय</th><th>रकम रु.</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गत वर्षको अ.ल्या संघ</td><td>४३,०६,६४०।००</td><td>स्वास्थ्यकर्मीको पारिश्रामिक<br>डाक्टर-१ जना<br>स्टाफनर्स-२ जना<br>कास-१ जना</td><td>७,६८,६१३</td></tr>
<tr><td>संघ सरकारको अनुदान</td><td>९००,०००।००</td><td>प्रोत्साहन भत्ता</td><td>-</td></tr>
<tr><td>प्रदेश सरकारको अनुदान</td><td>-</td><td>औषधि र अन्य खरिद</td><td>३०,६०,४३८</td></tr>
<tr><td>पालिका</td><td>-</td><td>आइसोलेसन खर्च</td><td>१००,०००</td></tr>
<tr><td>अन्य स्रोत</td><td>-</td><td>खोप ढुवानी</td><td>५०,६००</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>१२,२६,९८९</td></tr>
<tr><td>जम्मा</td><td>५२,०६,६४०।००</td><td></td><td>५२,०६,६४०।००</td></tr>
</table>
औषधि लगायतका स्वास्थ्य सामग्री खरिद एवं वितरण, राहात वितरण, क्वारेन्टाइन सञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था रहेन ।
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>शिक्षकलाई बढी ग्रेड निकासाः<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था उल्लेख छ ।स्विकृत लेखापरीक्षण योजना अनुसार श्रेस्ता परीक्षण गर्दा नगरपालिकाले देहायबमोजिमका शिक्षकहरुको बढी ग्रेड भुक्तानी भएको तथा अन्य शिक्षकहरुको सम्बन्धमा तँहा कार्यालयबाट छानविन गरी बढी भुक्तानी वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>२३,२१४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं</th><th>शिक्षकको नाम</th><th>विद्यालयको नाम</th><th>हुनुपर्ने ग्रेड संख्या/दर</th><th>बढी भएको ग्रेड संख्या/दर</th><th>ग्रेड बढी निकासा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सरस्वती पन्त(प्रा.वि तृतिय)</td><td>श्री गणेश आ.वि. पिपलथला</td><td>६/९५४</td><td>८/९५४</td><td>२/११,४४८.०</td><td rowspan="3">श्रावणदेखि मंसिरसम्म पर्व भत्ता समेत</td></tr>
<tr><td>२</td><td>हरि प्रसाद शर्मा(प्रा.वि तृतिय)</td><td>श्री रत्न मा.वि.चतहरी</td><td>६/९५४</td><td>७/९५४</td><td>१/५,७२४.००</td></tr>
<tr><td>३</td><td>ललिता भट्ट(नि.मा.वि तृतिय)</td><td>श्री घटाल मा.वि.सुडा</td><td>१/१००७</td><td>२/१००७</td><td>१/६,०४२.००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२३,२१४.००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपुर्तिः<br><br>
शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालिस र हिमाली क्षेत्रमा चालिस हुनुपर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।<br><br>
<table>
<tr><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये राहत</th><th>विद्यार्थी संख्या</th><th>प्रति शिक्षक बिद्यार्थी अनुपात</th></tr>
<tr><td>२२</td><td>२३२</td><td>२३२</td><td>७२</td><td>९१४४</td><td>१:३९</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **निजी शिक्षकलाई दोहोरो भुक्तानीः**<br><br>पालिकाबाट प्राप्त विवरण अनुसार प्रा.वि.तहमा ११ जना,नि.मा.वि.तहमा २१ जना र मा.वि. तहमा ९ जना गरी कुल ४१ जना निजी शिक्षक रहेको पाईयो ।पालिकाले ४१ निजी शिक्षकलाई समानिकरण अनुदानबाट जम्मा रु.२६,००,०००.० भुक्तानि गरिसकेकोमा पुनः वडा कार्यालयबाट विद्यालयको शैक्षिक अनुदानका कार्यक्रम राखि देहाय बमोजिमका शिक्षकहरुलाई तलब भत्ता भुक्तानी भएको हुँदा दोहोरो भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु. | १,३०८,५०० |

| क्र.सं | शिक्षकको नाम | विद्यालयको नाम | भुक्तानि भएको रकम |
|---|---|---|---|
| १ | निसा जोशी | श्री सिद्धनाथ मा.वि. मुसेपानि | ५६,०००.०० |
| २ | सचिन कुमार ऐडी | श्री मुक्ति आ.वि. धरमपुर | ७५,०००.०० |
| ३ | प्रेम टमटा | श्री मुक्ति आ.वि. धरमपुर | ७५,०००.०० |
| ४ | दिपक बहादुर बोहरा | श्री मुक्ति आ.वि. धरमपुर | ७५,०००.०० |
| ५ | हिरा उपाध्याय | श्री मुक्ति आ.वि. धरमपुर | ७५,०००.०० |
| ६ | पुष्पराज त्रिपाठी | श्री सिद्धनाथ मा.वि. मुसेपानि | ६६,५००.०० |
| ७ | मीन बहादुर धानुक | श्री घटाल आ.वि.पोल्खरी | २,००,०००.०० |
| ८ | वीर बहादुर पाल | श्री पशुपति आ.वि.सुडा | १,५६,०००.०० |
| ९ | दिपेन्द्र सिंह भण्डारी | श्री नवदुर्गा आ.वि. नयागाँउ | १,००,०००.०० |
| १० | पदम राज बाग | श्री भुवनेश्वरी मा.वि.सिसैया | १,४५,०००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>धन बहादुर क्षेत्री</td><td>श्री भुवनेश्वरी मा.वि.सिसैया</td><td>१,४५,०००.००</td></tr>
<tr><td>१२</td><td>डम्बर सिंह साउद</td><td>श्री सिद्धनाथ मा.वि. मुसेपानि</td><td>७०,०००.००</td></tr>
<tr><td>१३</td><td>हेमा कलौनी</td><td>श्री सिद्धनाथ मा.वि. मुसेपानि</td><td>७०,०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३,०८,५००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सेनिटरी प्याड वितरण भर्पाई नभएकोः<br><br>सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को दफा ६ को उपदफा ४ र ५ बमोजिम छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड वितरण गरेको अभिलेख तथा बुझिलिएको भर्पाई राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले जिरो टु वान प्रा.लि.बाट रु.९,९८,३२४.२६ बराबरको १९,९७० थान प्याड खरिद गरेकोमा ति सामाग्रि विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>९९८,३२४.२६</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सेनिटरी प्याड गुणस्तर परीक्षणः<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।स्थानीय तहले खरिद गरेको सेनिटरी प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक वितरणः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.४.६.१ को बुँदा ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २५ प्रतिशतबाट अनुदान व्यवस्थापन गर्ने व्यवस्था रहेको छ।कार्यालयले निःशुल्क पाठ्यपुस्तक वितरण वापत २२ विद्यालयलाई पहिलो किस्तामा रु ४०,२२,३४५.०० र दोस्रो किस्तामा रु.१७,२३,६४६.०० गरी कुल रु.५७,४५,९९१.०० निकासा गरेको पाईयो । विद्यालयले पाठ्यपुस्तक तोकिएको दरमा खरिद गरी सम्बन्धित विद्यार्थीलाई बुझाएको भर्पाई संलग्न राखी सो को अनुगमन समेत भएको हुनुपर्दछ । | |
| २९ | | | **बिल भर्पाई पेश हुनुपर्नेः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१० को ५.१२ अनुसार प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामाग्री सहयोग अनुदान वापत बैजनाथ मा.वि.जडेपानीलाई रु.२,००,०००.०० भुक्तानि गरेको पाईयो ।उक्त अनुदान रकम भुक्तानी पश्चात ल्याब सामाग्री खरिद गरेको बिल पेश नहुँदा सामन खरिद भए नभएको एकिन नभएकोले बिल भरपाई पेश हुनुपर्ने रु. | २००,००० |
| ३० | २२५ | २०७९-३-२२ | **शिक्षण सिकाई सामाग्रीः**<br><br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.२५.६२ को बुँदा १ अनुसार पालिकाले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत प्रज्ञान दृष्टि स्मार्ट ऐजुकेशन प्रा.लि. लाई कक्षा ६ देखि १० सम्मका २० जना विद्यार्थीहरुलाई अनिवार्य विषयहरुको अफलाईन श्रब्य दृश्य शिक्षण सिकाई सामाग्री पि डि एजुकेशन एप जडान गरे वापत रु.४,९८,०००.०० भुक्तानि गरेको पाईयो ।कार्यालयबाट प्राप्त EIMS विवरण अनुसार कक्षा ६ देखि १० सम्म ३,५९३ विद्यार्थी रहेका छन ।यसरी कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजीकरणका लागि सबै विद्यार्थीको पहुँचमा संचालन नगरी उक्त विद्यालयका २० जना विद्यार्थीहरुका लागि कार्यक्रम संचालन गरेको कारण लक्ष्य अनुरुप कार्यक्रम संचालन नगर्ने जिम्मेवार पदाधिकारीबाट खर्चको पुष्ट्याई हुनुपर्ने रु. | ४९८,००० |
| ३१ | ४४७ | २०७८-१२-९ | **क्याम्पसलाई अनुदानः** | १५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(ज) अनुसार स्थानीय तहले आधारभुत र माध्यमिक तहसम्मको शैक्षिक गतिविधि सञ्चालन,व्यवस्थापन,नियमन,अनुगमन लगायतका कार्य गर्ने व्यवस्था छ ।पालिकाले ऐनले तोकेको अधिकार क्षेत्रभन्दा बाहिर गएर पालिका भित्र संचालित श्री घटाल बहुमुखि क्याम्पस, सुडालाई शैक्षिक अनुदान वापत रु.१,५०,०००.०० उपलब्ध गराएको पाईयो ।अतः ऐनले तोकेको कार्यक्षेत्रभन्दा बाहिर रही क्याम्पसलाई प्रदान गरेको अनुदान रकम नियमसंगत मान्न नसकिएको रु.</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>विद्यालयलाई शैक्षिक अनुदानः<br><br>विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नका लागि संघीय सरकाबाट सशर्त अनुदान,पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुनः वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक अनुदानका कार्यक्रम राखि १० विद्यालयलाई रु.२३,२५,०००.०० अनुदान वितरण गरेको पाईयो ।जसबाट एउटै विद्यालयमा समान क्रियाकलाप संचालनको लागि पालिकाले रकम नै फरक फरक गरी वितरण गर्दा अनुदानमा दोहोरोपना हुने एवं अनुदान रकमको सहि सदुपयोग हुन सक्ने देखिदैन ।तसर्थ क्षेत्रगत बजेटलाई एकद्वार प्रणालीबाट खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>तह मिलान नभएकोः<br><br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत दरबन्दी तेरिज अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैटौं तहका(हे.ई,क.न.),२ जना पाचौं तहका(हे.ई.) र २ जना चौथो तहका(हे.ई,क.न.) गरी जम्मा ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिष्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिम विभिन्न स्वास्थ्य चौकीमा विभिन्न कर्मचारीलाई देहाय बमोजिमका तहमा पदपुर्ति गरेको पाईयो ।
<table>
<tr><th>क्र.सं.</th><th>स्वास्थ्य चौकीको नाम</th><th>छैटौं तहको दरबन्दी</th><th>छैटौं तहको पदपुर्ति</th><th>पाचौं तहको दरबन्दी</th><th>पाचौं तहको पदपुर्ति</th><th>चौथो तहको दरबन्दी</th><th>चौथो तहको पदपुर्ति</th></tr>
<tr><td>१</td><td>दैजी स्वास्थ्य चौकी</td><td>२</td><td>५</td><td>२</td><td>१</td><td>२</td><td>२</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तालिका अनुसार पाचौं तहमा २ जना पदपुर्ति हुनुपर्नेमा १ जना मात्र पदपुर्ति भएको पाईयो भने छैटौं तहमा २ जना मात्र हुनुपर्नेमा ५ जना पदपुर्ति भएको पाईयो ।अतःपालिकाले नियमानुसार पदपुर्ति गरी चुस्त र प्रभावकारी सेवा प्रवाहतर्फ विशेष ध्यान दिनुपर्दछ । | |
| ३४ | ५९ २ | २०७९-१-१६ | **बंगुर कुखुरा खरिद अनुदानः**<br><br>कार्यालयले आ.व.२०७८/७९ मा बंगुर कुखुरा खरिद अनुदान वापत वार्ड नं १,२,४,५,६,७,८,९ र १० का २६ जना कृषकहरुलाई बंगुर कुखुरा खरिद अनुदान अन्तर्गत २० जनालाई बंगुर र ६ जनालाई कुखुरा खरिद गर्न वडागत र कृषि शाखाको सिफारिस बमोजिम रु.५,५६,२००.०० नगद अनुदान वितरण गरेको पाईयो ।अनुदानबाट खरिद भएका बंगुर एवं कुखुराको क्वारेन्टाईन परीक्षण भएको प्रमाण पेश भएको छैन ।साथै अनुदान वितरण र प्रभावकारी ढंगले संचालनमा भएको छ भनी अनुगमन भएको समेत पाइएन ।अतःपालिकाले उपयुक्त विषयहरुमा ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **बिउ र विषादि वितरण अनुदानः**<br><br>नगरपालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत उन्नत धानको विउ वितरणतर्फ ६०९ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.८९९९७५.००, गहुँको बिउ वितरणतर्फ २५० जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.६१९९९०.०,च्याउको बिउ बितरणतर्फ ३६५ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१९९८७५.००,तरकारी(खुर्सानी,बन्दा,मुला,काउली,टमाटर)को बिउ बितरणतर्फ २२२ जना कृषकलाई रु.१९९७००.००,प्लाष्टिक वितरणतर्फ ३८ जना कृषकलाई ५० प्रतिशत अनुदान अन्तर्गत रु.१९९४९८.०० र विषादि वितणतर्फ रु.१०००००.०० गरी कुल रु.२०१९५४०.०० खर्च गरेको पाईयो ।स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क,छनौटको मापदण्ड निर्धारण,लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको छैन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको,एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।रोजगारी अभिवृद्धि हुने,उत्पादन वृद्धि हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ । | |
| ३६ | | | **अनुदानको अनुगमन र मूल्यांकनः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुदान वितरण गर्दा तोकिएको उद्येश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चतता नहुने जोखिम र वितरित अनुदानको प्रभावकारी अनुगमन र मूल्यांकन नहुने अवस्था छ ।अनुदानको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्यांकन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने अवस्था मिलाउनु पर्दछ । | |
| ३७ | | | **दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारीः**<br><br>स्वास्थ्य तथा जनसंख्या मनत्रालयको स्वीकृत दरबन्दी तेरिज अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैटौं तहका(हे.ई,क.न.),२ जना पाचौं तहका(हे.ई.) र २ जना चौथो तहका(हे.ई,क.न.) गरी जम्मा ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिष्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था रहेको छ ।पालिकाले देहाय बमोजिम दरबन्दी भन्दा बढी कर्मचारी राखी तलब भत्ता भुक्तानी भएको छ । | |

| स्वास्थ्य चौकीको नाम | स्थायी दरबन्दी | स्थायी पदपुर्ति | स्थायी पदपुर्तिमध्ये बढी भएको | भुक्तानी रकम (पर्व भत्ता समेत) | कैफियत |
|---|---|---|---|---|---|
| दैजी स्वास्थ्य चौकी | ६ | ८ | **२जना** | ७,९७,७९०.०० | २ जना छैटौं तहको बढी भएको(१ जना मंसिरदेखि पदपुर्ति भएको) |

पालिकाले दरवन्दीभन्दा वढी कर्मचारीलाई सरुवा सहमती दिई हाजिर गराएको पाईयो ।जसले गर्दा कर्मचारीको तलव भत्ता भुक्तानीमा कठिन भएको, पटक पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो ।दरबन्दी भन्दा बढी कर्मचारी रहँदा धेरै कर्मचारी जिम्मेवारी विहिन भई पालिका र अन्तरगतका स्वास्थ्य सस्थामा बसेको पाइयो ।हिमाली र पहाडी जिल्लाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपुर्ति नहुदा सामान्य स्वास्थ्य उपचार सेवा उपलव्ध गराउन कठिन भएको अबस्थामा जिम्मेवार विहिन रहने गरी सरुवा सहमती दिई हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई आइन्दा यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने ।थप स्वास्थ्यकर्मी आबश्यक भए ओ एण्ड एम गरी सो अनुसार आबश्यक प्रकृया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दीभन्दा बढी कार्यरत कर्मचारीलाई अन्यत्र पठाउने व्यबस्था हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **औषधीको गुणस्तरः**<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु. ३६,८६,२६३.०० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ । | |
| ३९ | | | **औषधी खरिदः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ ।तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु. ३६,८६,२६३.०० को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन,<br>• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपुर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन,<br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको, तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४० | | | **राजश्व बाँडफाँडबाट शिक्षकलाई पारिश्रमिकः**<br><br>अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका एवं विद्यालयले | २,६००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका २२ वटा विद्यालयका ४१ शिक्षकहरुलाई चाँडपर्व खर्च सहित ७ महिनाको तलब भत्ता बापत रु.२६,००,०००.० भुक्तानी गरेको छ। पालिकाले राजश्व बाँडफाँडबाट निजी श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता नियमित नदेखिएको रु. | |
| ४१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम-**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार वितरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, सडक नाला, मोटर बाटो, ट्र्याक खोल्ने कार्य लगायतका १७ वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष १४५ जनालाई रोजगारी उपलव्ध गराई रु.७४,०९,२५७।०० खर्च गरेको छ । लक्षित वर्गलाई न्यूनतम ५९ दिन देखि अधिकतम १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ४२ | | | **ईन्धन खर्चः**<br><br>कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका लागि रु.४९,३४,४४९.०० र पदाधिकारीका लागि रु.२८,४०,७३०.०० गरी कुल रु.७७,७५,१७९.०० ईन्धन वापत खर्च भएको पाईयो ।कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक,कार्यविवरण माइल मिटर,सवारी साधन नं खुलाएर अभिलेख राखेको नपाउदा खर्चको सदुपयोग कार्यालयको कार्यमा भएको भन्ने अवस्था देखिदैन । | |
| ४३ | | | **मर्मत खर्चः**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले सवारी साधन मर्मतमा रु ३४,०२,२४९.० खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन। | |
| ४४ | | | **भ्रमण प्रतिवेदन नभएकोः**<br><br>भ्रमण खर्च नियमावलि,२०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बील भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले आ.व.२०७८/७९ मा भ्रमण खर्च वापत रु.१६,९५,५८१.०० भुक्तानि गरेको पाईयो ।कार्यालयले विभिन्न समयमा पदाधिकारी र कर्मचारीले भ्रमण पश्चात भ्रमण प्रतिवेदन संलग्न नराखेकोले नियमावलिको व्यवस्था अनुसार गर्न विषेश ध्यान पुर्याउनुपर्दछ । | |
| ४५ | | | **सेवा प्रवाहको स्थितिः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।<br><br>**विवरण** \| **जम्मा** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>स्वीकृत घरनक्सा पास -अभिलेखिकरण</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्म दर्ता</td><td>२१४२</td></tr>
<tr><td>मृत्यु दर्ता</td><td>३३२</td></tr>
<tr><td>बसाई सराई दर्ता</td><td>१२६५</td></tr>
<tr><td>विवाह दर्ता</td><td>६४२</td></tr>
<tr><td>सम्बन्ध विच्छेद दर्ता</td><td>२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
सडक निर्माण एवं मर्मत तर्फको प्रगतिको अवस्थाका सम्बन्धमा विवरण प्राप्त हुन सकेन ।पालिकाबाट प्रवाह हुने सेवाको अभिलेख नराख्ने कर्मचारीलाई जिम्मेवार बनाउदै आगामी दिन सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>धरौटि तर्फ<br><br>सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने अवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यअभिबृद्धि कर विवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी वापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको धरौटी फिर्ता दिँदा मूल्यअभिबृद्धि कर समायोजनको पत्र र कर चुक्ता प्रमाणपत्र पेश नगरी धरौटी फिर्ता गरेको देखियो । यसरी फिर्ता दिँदा सम्बन्धित प्राबिधिकले डि एल पि अबधिमा गर्नुपर्ने सुधार गरेको वा सुधार गर्नुपर्ने अबस्था नदेखिएकाले भन्ने सिफारिस बेगर धरौटी फिर्ता दिएको पनि देखियो । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रु. ७७७८४३।०० फिर्ता दिएकोले उपर्युक्तानुसार प्रमाण पेश हुनुपर्ने रु.<br>
<table>
<tr><th>क्र.सं.</th><th>गौ.भौ/ मिति</th><th>धरौटी फिर्ता पाउने</th><th>ब्यहोरा</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>३/०७८/०६/१९</td><td>डिलासैनी निर्माण सेवा</td><td>कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको</td><td>८१३९०।००</td></tr>
<tr><td>२</td><td>५/०७८/७/७</td><td>दिनेश मोटर्स प्रा.ली</td><td>कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको</td><td>१४३०००।००</td></tr>
<tr><td>३</td><td>८/०७८/०७/१०</td><td>श्री देव लक्ष्मी विल्डर्स</td><td>कर चुक्ता रमु.अ. करसमायोन पत्र नभएको</td><td>१७०००।००</td></tr>
</table></td><td>७७७,८४३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>३२/०७८/१०/२७</td><td>विजुलिया विल्डर्स एण्ड कन्सर्न</td><td>कर चुक्ता पत्र नभएको</td><td>२३६८६६।००</td></tr>
<tr><td>५</td><td>५७/०७९/०१/८</td><td>सुमन कन्ट्रक्सन</td><td>कर चुक्ता पत्र नभएको</td><td>१०५३६१।००</td></tr>
<tr><td>६</td><td>६१/०७९/०३/०१</td><td>सेफ स्टिल प्रा.ली</td><td>मु.अ. करसमायोन पत्र नभएको</td><td>११६९४८।००</td></tr>
<tr><td>७</td><td>६२/०७९/०३/०७</td><td>निरज कन्सट्रक्सन</td><td>कर चुक्ता पत्र नभएको</td><td>७७२७८।००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७७७८४३।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>रसिदको अभिलेख -<br><br>कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ । पालिकाबाट रसिद ठेलीहरु छपाएर वडाहरूमा वितरण गरेर सोको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले समय-समयमा वडा कार्यालयहरुमा अनुगमन निरीक्षण गर्नुपर्नेमा सो गरेको पाइएन । यस्तो अवस्थामा पालिकाले सबै आय यथार्थरुपमा असुल गरी दाखिला गरेको छ भन्ने अबस्था रहेन । यसमा तत्काल सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>निरीक्षण नभएको —<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अवस्था देखिएन । साथै राजस्व आम्दानी गर्दा मलेप फारामहरुको समेत प्रयोग गरेको देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.१,६५,८३,७४४।०० यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भनी एकिन हुन सकिएन । यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुनिश्चितता हुनुपर्दछ । उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कर तथा शुल्क असुली -<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१०००००० .</td><td>५७४५७५.</td><td>५७</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>२०००००० .</td><td>७२६३३७.</td><td>३६</td></tr>
<tr><td>व्यवसाय कर</td><td>४००००० .</td><td>९८३७३९.</td><td>२४५</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>३००००० .</td><td>०.००</td><td>०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>व्यावसाय कर<br><br>बेदकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ अनुसार पालिका भित्र सञ्चालन गरिने विभिन्न २४ प्रकारका व्यवसायमा व्यवसाय कर असुल गर्ने उल्लेख छ । लेखापरीक्षण अवधिसम्म पालिकामा कुनै पनि व्यवसाय सञ्चालन गर्ने व्यवसायीको विवरण पालिकाले तयार गर्ने गरेको देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जस अनुसार करदाता स्वेच्छिक रुपमा कर तिर्न आएमा पालिकाले कर असुल गर्ने अन्यथा नगर्ने गरेको देखियो । पालिकाले संकलन गर्ने करको लागि व्यवसायीको विवरण संकलन गरी करको दायरा वृद्धि गरी पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ५१ | | | **सरकारी साधनको बहाल कर**<br><br>बेदकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ को अनुसूची १० अनुसार सरकारी सवारी साधन, उपकरण तथा हेभी इक्युपमेन्ट प्रयोग गरे बापत तोकीएको दरमा बहाल शुल्क लाग्ने उल्लेख छ । पालिकाले कार्यालयमा रहेका टिप्पर, व्याक्हो लोडर, ट्याक्टर, रोड रोलर, एम्बुलेन्स, शवबाहन लगाएतका सवारी साधन विभिन्न समयमा विभिन्न कार्यको लागि भाडामा लगेको कुनै प्रमाण कागजात संलग्न राखेको छैन । यसरी विवरण संलग्न नहुँदा पालिकाको सवारी साधनको प्रयोग गर्न दिएको अवस्था र यसबाट प्राप्त राजस्व सम्बन्धमा एकिन हुन सकिएन । | |
| ५२ | | | **शिक्षा सेवा व्यवसाय कर**<br><br>बेदकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ को बुँदा २० अनुसार शिक्षा सेवा व्यवसायमा निजि क्षेत्रका स्कुललाई बार्षिक व्यवसाय कर वापत मण्टेश्वरी लागि रु.१०००।०, आधारभुत तह कक्षा ३ सम्मको लागि रु.२०००।०, आधारभुत तह कक्षा ४ देखि ८ सम्मको लागि रु.२५००।०, माध्यमिक तह कक्षा ९ देखि १२ सम्मको लागि रु.४०००।० र क्याम्पसको लागि रु.६०००।० लिने उल्लेख छ । पालिकाले देहायबमोजिम सञ्चालित निजि क्षेत्रका विद्यालयबाट कर बापतको रकम असुल नगरेकोले कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ७२,५०० |

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | रकम |
|---|---|---|---|
| १ | बालजागृत मा.वि. सडा | १-१२ | ४०००.० |
| २ | अरनिको इङ्लिस बोर्डिङ्ग स्कुल | १-१० | ४०००.० |
| ३ | बालसंसार इङ्लिस बोर्डिङ्ग | १-१० | ४०००.० |
| ४ | अमरज्योती विद्या निकेतन | १-१० | ४०००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५ | ज्ञाबाटिका इङ्लिस बोर्डिङ्ग स्कुल सुडा | १-१० | ४०००.० |
| ६ | हरचन्द्र प्रभा इङ्लिस बोर्डिङ्ग स्कुल सिसैया | १-१० | ४०००.० |
| ७ | शिशु विद्या मन्दिर दैजी | १-१० | ४०००.० |
| ८ | आस्थापुञ्ज एकेडेमी चम्पापुर | १-८ | २५००.० |
| ९ | क्यास्पियन एकेडेमी | १-८ | २५००.० |
| १० | मोडर्न पब्लिक एकेडेमी बेदकोट ५ | १-८ | २५००.० |
| ११ | आशिर्बाद विद्या निकेतन जडेपानी | १-८ | २५००.० |
| १२ | चन्द्रदेवल इङ्लिस बोर्डिङ्ग स्कुल सुन्दरपुर | १-८ | २५००.० |
| १३ | क्याम्पियन इन्टरनेशनल एकेडेमी लालपुर | १-८ | २५००.० |
| १४ | सन्जिवनी शुक्लाफाँटा इङ्लिस बोर्डिङ्ग स्कुल सिसैया | १-८ | २५००.० |
| १५ | सरस्वती बालसदन इङ्लिस बोर्डिङ्ग स्कुल दैजी | १-६ | २५००.० |
| १६ | जगदम्बा एकेडेमी दैजी | १-६ | २५००.० |
| १७ | गितान्जली पब्लिक स्कुल बगुन | १-५ | २५००.० |
| १८ | अमरज्योती इङ्लिस बोर्डिङ्ग दैजी | १-५ | २५००.० |
| १९ | उज्वलदीप एकेडेमी दैजी | १-५ | २५००.० |
| २० | डिभाइन एकेडेमी | १-५ | २५००.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१</td><td>लिटल एन्जेल एकेडेमी सुडा</td><td>१-५</td><td>२५००.०</td></tr>
<tr><td>२२</td><td>पब्लिसिटी डिजाइन एकेडेमी गाउजी</td><td>१-५</td><td>२५००.०</td></tr>
<tr><td>२३</td><td>सिसैया इङ्लिस बोर्डिङ्ग स्कुल</td><td>१-५</td><td>२५००.०</td></tr>
<tr><td>२४</td><td>बालविद्या निकेतन इङ्लिस बोर्डिङ्ग बैतडा</td><td>१-५</td><td>२५००.०</td></tr>
<tr><td>२५</td><td>श्रीकृष्ण बाल विद्या मन्दिर</td><td>मन्टेश्वरी</td><td>१०००.०</td></tr>
<tr><td>२६</td><td>साइनिङ्ग स्टार मन्देश्वरी</td><td>मन्टेश्वरी</td><td>१०००.०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७२५००.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>आय ठेक्का<br><br>पालिकाले यस आर्थिक वर्षमा आय ठेक्का अन्तर्गत ७ वटा ठेक्काको लागि रु.२०३०९३६७।० (मु.अ.कर बाहेक) आय प्राप्त हुने गरी आय ठेक्का लगाएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
<tr><td>५३.१</td><td></td><td></td><td>ढुंगा गिटि बालुवा ठेक्काका आय प्राप्ति – ढुंगा गिटि वालुवा उत्खननको लागि एस.के.एल निर्माण सेवा संग मिति २०७८।६।१ देखि २०७९ जेष्ठ मसान्त सम्ममा तीनवटा खोलाबाट ६३१०० घ.मी. ढुंगा र १५६१४० घ.मी. गिट्टी समेत २१९२४० घ.मी. उत्खनन गर्ने, जसबापत पालिकालाई मु.अ.कर बाहेक रु.१४७०१७००।० भुक्तानी गर्ने सम्झौता भएको छ । आई.ई.ई प्रतिवेदन अनुसार ३ वटा खोलाबाट २१९९९२ घ.मी. ढुंगा गिटि वालुवा उत्खनन गर्न सकिने गरि परिमाण प्रस्ताव गरेको छ। सम्झौता अनुसार प्रथम किस्ता वापतको रकम रु.५१४५७००।० पालिकालाई बुझाएको छ । बाँकी दोस्रो किस्ताको रु.४१४५५९५।० पोष १५ भित्र र अन्तिम किस्ताको रु.४४१०५१०।० बैशाख १५ भित्र पालिकामा बुझाउने उल्लेख भएकोमा सो बेगर २०७९।४।१० मा मात्र पालिकाको राजस्व खातामा आम्दानी बाँधेको देखिन्छ । यसरी सम्झौता गरेर कार्य गरेकोमा सम्झौतामा उल्लेख गरेको अवधिमा नै किस्ता अनुसारको रकम प्राप्त गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>न्युन कबोल अंक - सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०७८ को दफा ८ मा संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा वाहेक प्राकृतिक श्रोत मध्ये आफ्नो क्षेत्र भित्र ढुङ्गा गिटी वालुवा स्लेट ग्राभेल र रोडाको संकलनमा अनुसूची ६ वमोजिम प्रतिघनफिट रु ३ अर्थात प्रति घनमिटर रु १०५.९४५ का दरले रोयल्टी लगाई असुल गर्ने व्यवस्था गरेको छ । पालिकाले आईई प्रतिवेदनले सिफारिस गरे अनुसार मुसेपानी गाउजी नदी, घुर्सुवा बछेला नदी, बगुन बैतडा नदी र छेला नदीबाट यस वर्ष २१९२४० घ.मी. ढुंगा गिटि बालुवा उत्खनन गर्न न्यूनतम कबोल अंक रु.८६०००००।० कायम गरी सूचना प्रकाशन गरेको पाइयो । उक्त सूचना अनुसार न्यूनतम कबोल अंकमा सवैभन्दा बढी कवोल गर्ने श्री एस.के.एल. निर्माण सेवा संग रु.१४७०१७००।० मा आय ठेक्का लगाएको पाइयो । तर आर्थिक ऐन अनुसार प्रति घन मीटर रु.१०५.९४५ का दरले न्यूनतम कवोल अंक कायम गरेको अवस्थामा रु.२३२२७३८२।० बराबर न्यूनतम कवोल अंक कायम भई ठेक्का बढावढ हुनुपर्नेमा घटी कवोल अंक कायम गरेको कारण घटीमा सम्झौता हुन गई न्यूनतम कवोल अंक र सम्झौता वीचको रु.८५२५६८२।० राजस्व घट्न गएको पाइयो । ठेक्का व्यवस्थापन गर्दा रोयल्टी दरका सम्बन्धमा विचर नपुर्याई ठेक्का व्यवस्थापन गरेका कारण राजस्व घटी संकलन हुन गएको रु.</td><td>८,५२५,६८२</td></tr>
<tr><td>५३.३</td><td></td><td></td><td>निरीक्षण नभएको - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्था यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.४</td><td></td><td></td><td>नगदी रसिदको ठेली फिर्ता गर्नुपर्ने - पालिकाबाट लगाएका आय ठेक्कामा सवै ठेक्कामा आय संकलन गर्ने नगदी रसिदको ठेली सम्बन्धित व्यवसायिले छपाउने र पालिकाबाट प्रमाणीकरण गरेर लैजाने गरेको देखिन्छ । यसरी प्रमाणीकरण गरी लगेको ठेलीको विवरण निम्नानुसार छः
<table>
<tr><th>क्र.सं.</th><th>व्यवसायि</th><th>बापत</th><th>नगदि रसिद नं (देखि-सम्म)</th></tr>
<tr><td>१</td><td>एस.के.एल निर्माण सेवा</td><td>ढुङ्गा गिटि वालुवा ठेक्का</td><td>१-१६०००</td></tr>
<tr><td>२</td><td>शिशंकर डेभलपर्स</td><td>सडक सेवा शुल्क</td><td>१-५०४००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>श्री देवलक्ष्मी विल्डर्स</td><td>कवाडी सामानमा कर उठाउने</td><td>१-१६००</td></tr>
<tr><td>४</td><td>मौलिङ्ग कन्ष्ट्रक्सन एण्ड विल्डर्स</td><td>विज्ञापन कर</td><td>एकिन नभएको</td></tr>
<tr><td>५</td><td>राधाभानु निर्माण सेवा</td><td>पटके व्यवसाय कर</td><td>१-२५००</td></tr>
<tr><td>६</td><td>राधाभानु निर्माण सेवा</td><td>बेदकोट भ्यूटावर, पिकनिक स्पोर्टमा प्रवेश शुल्क</td><td>१-४०००</td></tr>
<tr><td>७</td><td>राधाभानु निर्माण सेवा</td><td>लिङ्गा क्षेत्रमा पार्किङ्ग शुल्क उठाउने</td><td>१-१०५००</td></tr>
<tr><td>८</td><td>मौलिङ्ग कन्ष्ट्रक्सन एण्ड विल्डर्स</td><td>ग्रीन फन पार्क प्रवेश शुल्क</td><td>एकिन नभएको</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
यसरी पालिकाट नगदी रसिद प्रमाणित गरेर लैजने गरेतापनि उक्त नगदी रसिद पालिकालाई फिर्ता गर्ने गरेको छैन । यस सम्बन्धमा उक्त रसिद सम्बन्धित व्यवसायिको लेखापरीक्षण प्रयोजनको लागि राख्ने र फिर्ता नगर्ने गरेको प्रतिक्रिया प्राप्त भएको छ । पालिकालाई ठेक्का बमोजिमको रकम भुक्तानी गरेपश्चात उक्त रसिदको अर्धकट्टी फिर्ता नगरेबाट वास्तविक रुपमा के कति राजश्व व्यवसायिबाट संकलन भयो, कति रसिद प्रयोग भए, कति बाँकी छन सो सम्बन्धमा एकिन हुन सकिएन । अतः व्यवसायीलाई दिएको नगदी रसिदको अर्धकट्टी र बाँकी ठेली पालिकामा फिर्ता हुनुपर्दछ र सो बमोजिम प्राप्त हुनुपर्ने राजश्व समेत एकिन गरी असुल हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.५</td><td></td><td></td><td>उत्खनन एकिन नभएको- पालिका र व्यवसायिबीच भएको सम्झौता अनुसार ३ वटा खोलाबाट २१९२४० घ.मी. ढुंगा गिटि वालुवा उल्लेख भएकोमा व्यवसायिले जम्मा ५५५५० घ.मी. मात्र उल्खनन गरेको विवरण पालिकालाई उपलब्ध गराएको छ । यसरी सम्झौता परिमाणको २५ प्रतिशत परिमाण उत्खनन भएको विवरण पेश गरेकोबाट सोही मात्रामा मात्र उत्खनन भएकोमा एकिन हुन सकिदैन ।</td><td></td></tr>
<tr><td>५३.६</td><td></td><td></td><td>मु कर असूली तथा दाखिला - मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७</td><td>२,६४०,३४८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेको छ । तपशीलका ठेक्कामा निम्न अनुसार मु अ कर ऐन अनुसार लाग्ने थप दस्तुर,व्याज र जरिवाना सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>व्यवसायि</th><th>बापत</th><th>कबोल अंक</th><th>मु.अ.कर रकम</th></tr>
<tr><td>१</td><td>एस.के.एल निर्माण सेवा</td><td>ढुङ्गा गिटि वालुवा ठेक्का</td><td>१४७०१७००.०</td><td>१९११२२१.०</td></tr>
<tr><td>२</td><td>शिशंकर डेभलपर्स</td><td>सडक सेवा शुल्क</td><td>४७२५०००.०</td><td>६१४२५०.०</td></tr>
<tr><td>३</td><td>श्री देवलक्ष्मी विल्डर्स</td><td>कवाडी सामानमा कर उठाउने</td><td>३२५०००.०</td><td>४२२५०</td></tr>
<tr><td>४</td><td>मौलिङ्ग कन्ष्ट्रक्सन एण्ड विल्डर्स</td><td>विज्ञापन कर</td><td>६६६६६.०</td><td>८६६७.०</td></tr>
<tr><td>५</td><td>राधाभानु निर्माण सेवा</td><td>पटके व्यवसाय कर</td><td>६५०००.०</td><td>८४५०.०</td></tr>
<tr><td>६</td><td>राधाभानु निर्माण सेवा</td><td>बेदकोट भ्यूटावर, पिकनिक स्पोर्टमा प्रवेश शुल्क</td><td>११००००.०</td><td>१४४३०.०</td></tr>
<tr><td>७</td><td>राधाभानु निर्माण सेवा</td><td>लिङ्गा क्षेत्रमा पार्किङ्ग शुल्क उठाउने</td><td>१६५०००.०</td><td>२१४५०.०</td></tr>
<tr><td>८</td><td>मौलिङ्ग कन्ष्ट्रक्सन एण्ड विल्डर्स</td><td>ग्रीन फन पार्क प्रवेश शुल्क</td><td>१५१००१.०</td><td>१९६३०.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२६४०३४८.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>ढिला राजश्व दाखिला-</td><td>३३२,०८९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ। यस पालिकाका विभिन्न वडाहरुबाट संकलन भएको राजश्व समयमै दाखिला नगरी नगद नै बाँकी राखेकोले नियम अनुसार ब्याज, थप रकम सहित गरी राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | |

| वडा नं. ७ सुन्दर सिंह बोहरा | | | | | | | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| **क्र सं** | **रसिद नं** | | **आम्दानी मिति** | | **जम्मा रकम** | **दाखिला मिति** | **69026** |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | | |
| 1 | 2001 | 2100 | २०७८/4/15 | 2078/4/28 | 65260 | 2078/5/18 | |
| 2 | 2101 | 2200 | 2078/4/28 | 2078/5/13 | 61730 | 2078/6/8 | |
| 3 | 2601 | 2700 | 2078/5/13 | 2078/5/29 | 75550 | 2078/7/16 | |
| 4 | 2501 | 2600 | 2078/5/29 | 2078/6/14 | 52620 | 2078/7/9 | |
| 5 | 4201 | 4300 | 2078/6/14 | 2078/7/7 | 48765 | 2078/8/9 | |
| 6 | 4301 | 4400 | 2078/7/7 | 2078/7/23 | 52885 | 2078/10/04 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>7</td><td>5201</td><td>5300</td><td>2078/7/23</td><td>2078/8/9</td><td>45600</td><td>2078/10/11</td><td rowspan="10"></td></tr>
<tr><td>8</td><td>5301</td><td>5400</td><td>2078/8/9</td><td>2078/8/28</td><td>43465</td><td>2078/11/3</td></tr>
<tr><td>9</td><td>5801</td><td>5900</td><td>2078/8/28</td><td>2078/9/14</td><td>41535</td><td>2078/11/3</td></tr>
<tr><td>11</td><td>5901</td><td>6000</td><td>2078/9/14</td><td>2078/10/11</td><td>56240</td><td>2078/11/5</td></tr>
<tr><td>12</td><td>7301</td><td>7400</td><td>2078/11/23</td><td>2078/12/13</td><td>95570</td><td>20792/13</td></tr>
<tr><td>13</td><td>8501</td><td>8600</td><td>2078/12/13</td><td>2079/1/6</td><td>44785</td><td>2079/3/5</td></tr>
<tr><td>14</td><td>8601</td><td>8700</td><td>2078/1/6</td><td>2079/2/9</td><td>50320</td><td>2079/3/9</td></tr>
<tr><td>15</td><td>9901</td><td>10000</td><td>2078/2/9</td><td>2079/2/24</td><td>31845</td><td>2079/3/20</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>690260</td><td></td></tr>
<tr><td colspan="7">वडा नं. 10 गौरी दत्त जोशी</td></tr>
<tr><td colspan="7"></td><td>जरिवाना</td></tr>
<tr><td rowspan="2">क्र सं</td><td colspan="2">रसिद नं</td><td colspan="2">आम्दानी</td><td rowspan="2">जम्मा रकम</td><td rowspan="2">दाखिला मिति</td><td rowspan="2">32816</td></tr>
<tr><td>देखि</td><td>सम्म</td><td>देखि</td><td>सम्म</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 1 | 101 | 200 | 2078/4/1 | 2078/4/26 | 45380 | 2078/7/5 | |
| 2 | 2401 | 2500 | 2078/4/26 | 2078/5/31 | 59680 | 2079/7/5 | |
| 3 | 4901 | 5000 | 2078/7/7 | 2078/8/6 | 61920 | 2079/11/18 | |
| 4 | 5601 | 5700 | 2078/8/6 | 2078/9/8 | 35590 | 2079/10/7 | |
| 5 | 7401 | 7500 | 2078/11/8 | 2079/11/25 | 40650 | 2079/2/12 | |
| 6 | 8401 | 8500 | 2078/11/25 | 2078/12/21 | 39740 | 2079/3/19 | |
| 7 | 9001 | 9100 | 2078/12/22 | 2079/2/11 | 45200 | 2079/3/19 | |
| वडा नं. 1 केशवराज अवस्थी | | | | | | | जरिवाना |
| **क्र सं** | **रसिद नं** | | **आम्दानी** | | **जम्मा रकम** | **दाखिला मिति** | **22292** |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | | |
| 1 | 1201 | 1300 | 2078/4/5 | 5.15 | 36585 | 2078/7/4 | |
| 2 | 1301 | 1348 | 2078/5/16 | 6.4 | 11150 | 2078/9/22 | |
| 3 | 1349 | 1400 | 2078/6/4 | 7.2 | 13650 | 2078/12/7 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>4</td><td>4701</td><td>4800</td><td>2078/7/4</td><td>8.12</td><td>25995</td><td>2079/2/27</td><td rowspan="7"></td></tr>
<tr><td>6</td><td>4801</td><td>4900</td><td>2078/8/12</td><td>9.21</td><td>24280</td><td>2079/2/27</td></tr>
<tr><td>7</td><td>6401</td><td>6500</td><td>2078/9/22</td><td>10.23</td><td>21900</td><td>2078/12/7</td></tr>
<tr><td>8</td><td>6501</td><td>6600</td><td>2078/10/23</td><td>2079/1/8</td><td rowspan="3">89360</td><td rowspan="3">2079/3/32</td></tr>
<tr><td>9</td><td>8901</td><td>9000</td><td>2078/12/7</td><td>2079/2/24</td></tr>
<tr><td>10</td><td>10901</td><td>11000</td><td>2079/2/25</td><td>2079/3/31</td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>222920</td><td></td></tr>
<tr><td colspan="7">वडा नं. २ शान्ती अवस्थी</td><td>जरिवाना</td></tr>
<tr><td rowspan="2">क्र सं</td><td colspan="2">रसिद नं</td><td colspan="2">आम्दानी</td><td rowspan="2">जम्मा रकम</td><td rowspan="2">दाखिला मिति</td><td rowspan="4">12452</td></tr>
<tr><td>देखि</td><td>सम्म</td><td>देखि</td><td>सम्म</td></tr>
<tr><td>1</td><td>1153</td><td>1200</td><td>2078/6/10</td><td>2078/7/16</td><td>9350</td><td>2078/11/18</td></tr>
<tr><td>2</td><td>4401</td><td>4500</td><td>2078/7/22</td><td>2078/8/29</td><td>28950</td><td>2078/11/18</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (विवरण तलको तालिकामा) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 3 | 4501 | 4600 | 2078/9/4 | 2078/11/20 | 26350 | 2079/1/22 | |
| 4 | 7901 | 8000 | 2078/11/20 | 2078/12.22 | 27230 | 2079/1/22 | |
| 5 | 8101 | 8200 | 2078/12/22 | 2079/2/18 | 32640 | 2079/3/7 | |
| | | **जम्मा** | | | **124520** | | |
| वडा नं. ४ शेर सिंह विष्ट | | | | | | | जरिवाना |
| क्र सं | रसिद नं | | आम्दानी | | जम्मा रकम | दाखिला मिति | **20047** |
| | देखि | सम्म | देखि | सम्म | | | |
| 1 | 1 | 100 | 2078/4/1 | 2078/5.23 | 87370 | 2078/9/5 | |
| 2 | 201 | 300 | 2078/5/23 | 2078/7/12 | | | |
| 3 | 3001 | 3100 | 2078/7/12 | 2078/8/29 | | | |
| 4 | 3101 | 3200 | 2078/9/1 | 2078/11/1 | 113100 | 2079/2/24 | |
| 5 | 6001 | 6100 | 2078/11/1 | 2078/11/20 | | | |
| 6 | 7801 | 7900 | 2078/11/20 | 2078/12/14 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **जम्मा** | | | **200470** | | |
| वडा नं. ५ हिमाल डगौरा | | | | | | | जरिवाना |
| **क्र सं** | **रसिद नं** | | **आम्दानी** | | **जम्मा रकम** | **दाखिला मिति** | **21713** |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | | |
| 1 | 301 | 400 | 2078/4/3 | 2078/5/11 | 63730 | 2078/9/11 | |
| 2 | 401 | 500 | 2078/5/12 | 2078/7/5 | | | |
| 3 | 5101 | 5200 | 2078/7/5 | 2078/8/21 | 37081 | 2079/3/6 | |
| 4 | 5001 | 5100 | 2078/8/21 | 2078/9/28 | 22870 | 2079/3/6 | |
| 5 | 6801 | 6900 | 2078/9/29 | 2078/11/12 | 28215 | 2079/3/6 | |
| 6 | 6901 | 7000 | 2079/11/22 | 2078/12/25 | 36100 | 2079/3/6 | |
| 7 | 8301 | 8400 | 2078/12/25 | 2079/2/26 | 29136 | 2079/3/6 | |
| | | **जम्मा** | | | **217132** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| वडा नं. ६ यज्ञराज भट्ट | | | | | | | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| **क्र सं** | **रसिद नं** | | **आम्दानी** | | **जम्मा रकम** | **दाखिला मिति** | **30456** |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | | |
| 1 | 501 | 600 | 2078/4/30 | 2078/5/7 | 51355 | 2078/9/18 | |
| 2 | 601 | 700 | 2078/5/7 | 2078/6/5 | 39614 | 2078/9/18 | |
| 3 | 3401 | 3500 | 2078/6/5 | 2078/7/25 | 44035 | 2079/3/16 | |
| 4 | 5401 | 5500 | 2078/7/25 | 2078/8/27 | 33935 | 2079/3/16 | |
| 5 | 3301 | 3400 | 2078/8/27 | 2078/10/13 | 31878 | 2079/3/16 | |
| 6 | 5501 | 5600 | 2078/10/16 | 2078/11/30 | 34410 | 2079/3/16 | |
| 7 | 9401 | 9500 | 2079/1/11 | 2079/2/23 | 69330 | 2079/3/32 | |
| | | **जम्मा** | | | **304557** | | |
| वडा नं. ८ कृष्ण दत्त पाण्डेय | | | | | | | जरिवाना |
| | **रसिद नं** | | **आम्दानी** | | | | **24606** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्र सं | देखि | सम्म | देखि | सम्म | जम्मा रकम | दाखिला मिति | |
|---|---|---|---|---|---|---|---|
| 1 | 801 | 900 | 2078/4/1 | 2078/4/32 | 38200 | 2078/7/3 | |
| 2 | 1401 | 1500 | 2078/5/1 | 2078/5/31 | 33710 | 2078/7/3 | |
| 3 | 2801 | 2900 | 2078/5/31 | 2078/7/23 | 89010 | 2078/8/13 | |
| 4 | 7101 | 7200 | 2078/11/26 | 2079/1/11 | 36770 | 2079/2/10 | |
| 5 | 8801 | 8900 | 2079/1/11 | 2079/2/25 | 48375 | 2079/3/12 | |
| | | **जम्मा** | | | **246065** | | |
| वडा नं. ९ हरिश प्रशाद भट्ट | | | | | | | जरिवाना |
| **क्र सं** | **रसिद नं** | | **आम्दानी** | | **जम्मा रकम** | **दाखिला मिति** | **34725** |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | | |
| 1 | 935 | 1000 | 2078/4/15 | 2078/5/7 | 24700 | 2078/6/7 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2 | 2201 | 2300 | 2078/5/7 | 2078/6/12 | 43020 | 2078/9/19 | |
| 3 | 2301 | 2400 | 2078/6/13 | 2078/8/26 | 50750 | 2078/9/22 | |
| 4 | 4101 | 4200 | 2078/9/6 | 2078/10/25 | 75600 | 2078/12/23 | |
| 5 | 6601 | 6700 | 2078/10/25 | 2078/11/18 | 46270 | 2079/1/15 | |
| 6 | 6701 | 6800 | 2078/11/20 | 2078/12/23 | 52400 | 2079/2/18 | |
| 7 | 9101 | 9200 | 2078/12/23 | 2079/2/10 | 54510 | 2079/3/1 | |
| | | **जम्मा** | | | **347250** | | |

| वडा नं. ३ करन बहादुर कामी | | | | | | | जरिवाना |
|---|---|---|---|---|---|---|---|
| **क्र सं** | **रसिद नं** | | **आम्दानी** | | **जम्मा रकम** | **दाखिला मिति** | **63956** |
| | **देखि** | **सम्म** | **देखि** | **सम्म** | | | |
| 1 | 1901 | 2000 | 2078/5/28 | 2078/6/13 | 48845 | 2079/1/12 | |
| 2 | 8701 | 8800 | 2078/12/9 | 2078/12/3 | 32995 | 2079/3/30 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>3</td><td>9301</td><td>9400</td><td>2078/12/24</td><td>2078/1/01</td><td>30250</td><td>2079/3/30</td><td></td></tr>
<tr><td>4</td><td>3601</td><td>3700</td><td>2078/7/4</td><td>2078/8/5</td><td>71640</td><td>2079/3/30</td><td></td></tr>
<tr><td>5</td><td>3901</td><td>4000</td><td>2078/9/08</td><td>2078/10/3</td><td>39760</td><td>2079/3/30</td><td></td></tr>
<tr><td>6</td><td>6301</td><td>6400</td><td>2078/10/3</td><td>2078/11/5</td><td>44085</td><td>2079/3/30</td><td></td></tr>
<tr><td>7</td><td>7501</td><td>7600</td><td>2078/11/06</td><td>2078/11/5</td><td>29895</td><td>2079/3/30</td><td></td></tr>
<tr><td>8</td><td>7601</td><td>7700</td><td>2078/10/5</td><td>2078/12/9</td><td>131900</td><td>2079/3/30</td><td></td></tr>
<tr><td>9</td><td>3701</td><td>3800</td><td>2078/8/5</td><td>2078/8/2</td><td>61075</td><td>2079/2/16</td><td></td></tr>
<tr><td>10</td><td>3801</td><td>3900</td><td>2078/8/22</td><td>20789/8</td><td>35330</td><td>2079/2/16</td><td></td></tr>
<tr><td>11</td><td>3501</td><td>3600</td><td>2078/6/13</td><td>2078/7/12</td><td>64940</td><td>2079/1/12</td><td></td></tr>
<tr><td>12</td><td>1901</td><td>2000</td><td>2078/5/28</td><td>20786/13</td><td>48845</td><td>2079/01/2</td><td></td></tr>
<tr><td></td><td></td><td colspan="3">जम्मा</td><td>639560</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>पशुपंक्षी खरिद कार्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले बोलपत्रको माध्यमबाट सफल युवा बहुउद्देश्यिय कृषि फार्मबाट रु.१३७४१२५.० रकम बराबरका १२५ थान बाख्रा तथा १० वटा बोका खरिद गरेको छ । उक्त पशु वडाको सिफारिसको आधारमा सोझै पशुपालक कृषकलाई भर्पाइ गरि वितरण भएको छ । यसरी पशु चौपायमा कृषकको कुनै लागत सहभागिता पनि नगराई खरिद गर्ने र कुनै व्यवस्थित प्रक्रिया तथा आधार बेगर सोझै वडाको सिफारिसमा पशु चौपाय वितरण गर्नु मनासिव देखिदैन । साथै यसरी खरिद गरिएका पशु चौपायको वीमा पनि गराएको देखिदैन भने वितरण पश्चातको अवस्थाका सम्बन्धमा समेत पालिका अनविज्ञ गरेको देखिन्छ । कृषकले उक्त पशु चौपायबाट आय आर्जन गरेको वा खरिद विक्रि गरिसकेको सम्बन्धमा पालिकामा कुनै विवरण रहेको देखिदैन । अतः कृषकको लागत सहभागिता देखिने गरी योजना बनाउने तथा वितरणमुखि भन्दा पनि उत्पादनमुखी योजना तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । वितरित वोका र वाख्राको अवस्था र उपयोगिता सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ५६ | | | **मु.अ.कर नन् फाइलर**<br><br>मु.अ.कर नन् फाइलर - मुल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा १८ अनुसार करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिन भित्र कर अधिकृत समक्ष विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिम निर्माण व्यवसायीलाई मु.अ.कर विजकको आधारमा रकम भुक्तानी गरेकोमा आन्तरिक राजस्व कार्यालयको पोर्टलमा २०७९।८।१५ मा हेर्दा मु.अ.कर ननफाइलर देखिएकोले कर बुझाएको मु.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने अन्यथा मु.अ.कर असुल गरी दाखिला गर्नुपर्ने रु. | २१२,७०५ |
| ५७ | | | **लिङ्गेश्वरमा ट्युवेल जडान**<br><br>ठेक्का नं.१२/CW/२०७६।७७ अनुसार लिङ्गेश्वर पर्यटन प्रवर्द्धन र अन्य विविध कार्यको लागि बुढीघटाल निर्माण सेवासँग रु.२४३५२६३.६९ मा सम्झौता गरि कार्य गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७.१ | | | **अधुरो अवस्थामा कार्यसम्पन्न —** लागत अनुमान अनुसार रु.२४३५२६३.६९ कायम भएकोमा रु. १२५१६४४.५० को कार्य गर्दा नै पालिकाले कार्यस्वीकार प्रतिवेदन दिएको छ । सम्झौतामा तोकीएको शर्त अनुसारको कार्य सम्पन्न भए पश्चात मात्र कार्यसम्पन्न प्रतिवेदन जारी गर्नुपर्दछ । | |
| ५७.२ | | | **योजना सञ्चालन अवस्था-** योजनामा भएको कुल भुक्तानी रु.१२५१६४४.५० मध्ये लिङ्गेश्वरमा बोरिङ्ग ट्युवेल जडान संग सम्बन्धित कार्यको लागि रु.९४७०००.० खर्च भएको छ । तर उक्त बोरिङ्गबाट पानी नआएकोले योजना असफल भएको पालिकाले प्रतिक्रिया रहेको छ । बोरिङ्गबाट पानी नै ननिस्किएकोले खर्चको सदुपयोग भएको देखिएन । उक्त बोरिङ्गको लागि सोलार प्यानल खरिदमा रु.४५००००।०, सोलार व्याट्रि खरिदमा रु.६००००।०, १६००VA ब्रिनी कन्ट्रोलर रु.१०००००।० समेत रु.६१००००।० को सामाग्री खरिद गरेको छ । यसरी खरिद गरिएका सामाग्रीको हालको अवस्था बारेमा एकिन हुन सकिएन । अत ति सामाग्रीहरु सुरक्षित साथ राखि अर्को आयोजनामा प्रयोग भएको प्रमाण पेश हुनुपर्ने रु. | ६१०,००० |
| ५७.३ | | | **भुक्तानी बाँकी विवरण —** योजनाको कार्यसम्पन्न प्रतिवेदन २०७७।२।२५ मा नै तयार गरेकोमा उक्त अबधिको बाँकी रकम उल्लेख गरी भुक्तानी बाँकी विवरण नै स्वीकृत नगरी २०७९।१।२५ मा रु.४२२५०७.० भुक्तानी गरेको छ । भुक्तानी बाँकी विवरण स्वीकृत नगरी भुक्तानी गरेको रकमलाई नियमसम्मत मान्न नसकिएको रु. | ४२२,५०७ |
| ५८ | | | **काम एकिन नभएको**<br><br>चौखुट्टी गोकुलपुर जाने बाटो स्तरोन्नती कार्यक्रम र बेदकोट वडा नं. ७ को उसिन्नर बोहरा टोलमा सडक ग्राभेल कार्यमा गरी एकमुष्ट रुमा साहरा कन्ष्ट्रक्सन लाई रु.६८४८९३.० भुक्तानी भएको छ । संलग्न लागत अनुमान तथा नापी किताब अनुसार ४३७ मि. लम्बाइको २४२.४ घ.मी. Properly mud mix graveling and surface leveling को कार्य भएको र २४९ मि. लम्बाइको १८१.३६ घ.मी. को कार्यमा Properly mud mix graveling and surface leveling and compaction समेत भएको उल्लेख छ । तर नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा कुन सडकमा Compaction सहितको कार्य भएको उल्लेख भएकोबाट कुन सडकमा Compaction सहितको कार्य भएको एकिन हुन सकिएन । साथै आगामी वर्ष बजेट विनियोजन गर्दा उक्त योजनामा पुन सोही कार्यको लागि बजेट विनियोजन हुन सक्ने जोखिम देखिएकोले सोको एकिन गरेर मात्र कार्यक्रम छनौट गर्नुपर्दछ । साथै लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा कार्य गर्ने क्षेत्र तथा चेनेज खुल्ने गरि तयार गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>
अधुरो योजनामा कार्यसम्पन्न<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कुनै पनि निर्माण कार्य कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुसार सञ्चालन आएको अवस्थमा मात्र कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनको व्यवस्था विपरित देहायबमोजिमको वित्तीय प्रगतिको अवस्थमा नै कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । नियमावलीमा भएको व्यवस्थाको पालना गरी बास्तविक रुपमा कार्य भएको एकिन गरेर मात्र कार्यस्वीकार प्रतिवेदन तयार गरी भुक्तानीका लागि सिफारिस गर्नुपर्दछ ।
<table>
<tr><th>कामको विवरण</th><th>ल.ई./कबोल अंक</th><th>सम्पन्न अंक</th><th>प्रतिशत</th><th>खरिद प्रक्रिया</th></tr>
<tr><td>लिङ्गेश्वरमा ट्युवेल जडान र अन्य कार्य</td><td>२४३५२६३।६९</td><td>१२५१६४४।५०</td><td>५१.४</td><td>बोलपत्र</td></tr>
<tr><td>चतहरी तटबन्ध र वडा नं.१० नदी नियन्त्रण तटवन्ध</td><td>६९९४४४।०</td><td>५०१०९१।०</td><td>७१.६</td><td>सोझै</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>
ठेक्का व्यवस्थापन<br><br>
पालिकामा यस आर्थिक वर्षमा ३३ वटा र गत विगत वर्षमा २५ गरि जम्मा ४८ खरिद कार्य शिलवन्दी तथा वोलपत्र मार्फत गरेको गरेको विवरण प्राप्त भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छन्
</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>पालिकाबाट प्राप्त विवरण अनुसार ४८ खरिद कार्यमा रु.४९ करोड १३ लाख १५ हजार लागत अनुमान स्वीकृत गरेकोमा रु.२९ करोड ७८ लाख १५ हजारको खरिद सम्झौता भएको छ । सोही बमोजिम हालसम्म रु.११ करोड ४ लाख ४३ हजार भुक्तानी भइ रु.१८ करोड ४३ लाख ८९ हजार भुक्तानी दिन बाँकी रहेको र रु.१करोड ३ लाख ७८ हजार पेश्की बाँकी रहेको देखिन्छ । यसरी निर्माण अवधि सम्पन्न हुने चरणमा रहेका ठेक्का समयमा नै सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६०.२ | | | यस आर्थिक वर्षमा ठेक्का सम्झौता भएका ३३ ठेक्का मध्ये १२ वटा ठेक्का मात्र सम्पन्न भइ २१ ठेक्का कार्यान्वयनको चरणमा रहेको छन् । ३० वटा ठेक्का मात्र यस आर्थिक वर्षमा सम्पन्न हुने गरी सम्झौता भएको र बाँकी ३ ठेक्का यसै आर्थिक वर्षमा सम्पन्न नहुने गरी ठेक्का सम्झौता भएकोमा १२ ठेक्का मात्र यस आर्थिक वर्षमा सम्पन्न भएको र अन्य १८ ठेक्काको म्याद थप गरी आगामी आर्थिक वर्षको लागि दायित्व सारेको देखिन्छ । निश्चित समयाबधि कायम गरी ठेक्का सम्झौता गर्ने र स्पष्ट कारण वेगर ठेक्काको म्याद थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६०.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्याबधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्याबधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ६०.४ | | | **विमा नगराएको —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार दश लाख भन्दा बढीको निर्माण कार्यमा निर्माण सामाग्री, उपकरण, कामदार लगाएतको बीमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालित १० लाख भन्दा बढी सम्झौता रकम भएका २५ निर्माण योजनाको रु.७ करोड ३५ लाख ४१ हजार बराबरको निर्माण कार्यमा बीमा गराएको छैन । नियमावलीमा भएको व्यवस्था अनुसार वीमा गराउनुपर्दछ । | |
| ६०.५ | | | **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| ६०.६ | | | **पेश्की रकम खर्च-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क -६_ मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६०.७ | | | **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको,ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ। | |
| ६१ | | | **योजना अनुगमन** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले मातहत सञ्चालित योजना अनुगमनको लागि एक अनुगमन समिति गठन गरेको छ । उक्त समितिले उपभोक्ता समितिबाट सञ्चालित अधिकांश योजना मात्र अनुगमन गर्ने गरेको देखियो । तर सोझै खरिद विधि, सिलबन्दी दरभाउपत्र तथा वोलपत्र विधिबाट सञ्चालित योजनाको अनुगमन गर्ने गरेको पाइएन । अतः पालिकाबाट सञ्चालित सबै प्रक्रियाबाट खरिद गरेका योजना अनुगमन गरी वित्तीय अनुशासन प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>प्रदेश समपुरक योजना र खर्च<br><br>प्रदेश समपुरक अनुदान कार्यविधि २०७६ को बुँदा नं. ११ अनुसार प्रदेश समपुरक अनुदान बापत प्राप्त कार्यक्रम सोही अवधिभित्र सम्पन्न गरिसक्नुपर्ने अन्यथा उक्त योजनामा सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा प्रदेश समपुरक अनुदान प्राप्त देहायका योजनामा बजेट विनियोजन भएका योजना सम्पन्न गर्न नसकेको कारण उक्त योजनाको दायित्व पालिकामा सरेको छ । सम्बन्धित योजनामा प्राप्त रकम समयमानै सम्पन्न गरी पालिकामा आर्थिक दायित्व थप हुने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>योजना</th><th>प्रदेश सरकारबाट विनियोजन रकम</th><th>सम्झौता रकम</th><th>हुनुपर्ने भुक्तानी</th><th>प्रदेश तर्फ खर्च</th><th>पालिकामा दायित्व थप</th></tr>
<tr><td>१</td><td>वडा नं. ७ को वडा कार्यालय पछाडिको तटबन्ध सहितको कल्भर्ट निर्माण</td><td>२४९२</td><td>२८८९</td><td>१४४४.५</td><td>५५०</td><td>८९४.५</td></tr>
<tr><td>२</td><td>वडा नं. ६ सिसैया साझ घर देखि भम्केश्वर मन्दिर जाने सडक कालोपत्रे</td><td>२४९४</td><td>३६२६</td><td>१८१३</td><td>२१३०</td><td></td></tr>
<tr><td>३</td><td>गैलनदी नयाँ नहरदेखि धनीराम चुनारको घर हुँदै वृद्धाश्रम सडक कालोपत्रे गर्ने काम वडा नं. ८</td><td>२४९९</td><td>३५४४</td><td>१७७२</td><td>१४६९</td><td>३०३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | NCELL टावर देखि इन्द्र खत्रीको घर हुँदै जाने सडक कालोपत्रे | ३८९७ | ४१६१ | २०८०.५ | ० | २०८०.५ |
| | जम्मा | ११३८२ | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **विशेष अनुदान प्राप्ति र खर्च** | |

विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७५ (संघ) बुँदा नं. ९ अनुसार प्रदेश वा स्थानिय तहबाट सञ्चालित योजना/ कार्यक्रम तोकिएको अवधिभित्र सम्पन्न गरिसक्नुपर्ने र उक्त अवधि भित्र सम्पन्न हुन नसकेमा त्यस्तो योजना/कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । त्यस्तै प्रदेश विशेष अनुदान सम्बन्धि कार्यविधि २०७६ को बुँदा नं. ९ अनुसार प्रदेश विशेष अनुदान बापत प्राप्त कार्यक्रम सोही अवधिभित्र सम्पन्न गरिसक्नुपर्ने अन्यथा उक्त योजना सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा विशेष अनुदान प्राप्त देहायका योजना सम्बन्धित आर्थिक वर्षभित्र सम्पन्न गर्न नसकेको कारण उक्त योजनाको रु.८४ लाख ३५ हजार दायित्व पालिकामा सरेको छ । पालिकाले माग गरी प्राप्त अनुदान कार्यक्रम तोकीएको समयमा नै सञ्चालन तथा सम्पन्न गरी पालिकामा आर्थिक दायित्व थप हुने कार्यमा नियन्त्रण गर्नुपर्दछ । (रकम रु. हजारमा)

| क्र. सं. | योजना | विनियोजित रकम | सम्झौता रकम | हालसम्म भुक्तानी | पालिकामा दायित्व थप | अनुदान |
|---|---|---|---|---|---|---|
| १ | बेदकोट न.पा. वडा नं. ३ भम्काका लागि सिचाई बोरिङ्ग जडान गर्ने कार्य | २५०० | २४२४ | ११६४ | १२६० | प्रदेश विशेष |
| २ | बेदकोट न.पा. वडा नं. १० को सिद्धनाथ टोलका लागि सिँचाई बोरिङ्ग | २५०० | २४१८ | ० | २४१८ | प्रदेश विशेष |
| ३ | विद्यालय भवन निर्माण गर्ने कार्य (४ कोठे २ वटा) | ८३०० | ७५८६ | २८२९ | ४७५७ | संघ विशेष |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>१३३००</td><td>१२४२८</td><td>३९९३</td><td>८४३५</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सक्कल विजक वेगर पि.एस. रकम भुक्तानी<br><br>प्रोभिजनल सम आइटमको भुक्तानी दिँदा सक्कल प्रमाण कागजातका आधारमा भुक्तानी दिनुपर्दछ । पालिकाले निम्न अनुसारका निर्माण व्यबसायीलाई प्रोभिजनल सम बापत भुक्तानी दिँदा सक्कल बिल बिजक तथा भर्पाई बेगर नै भुक्तानी दिएको छ । सक्कल बिल बिजक लगायतका कागजात संलग्न नगरी भुक्तानी दिएको रकम अशुल हुनुपर्ने रु
<table>
<tr><th>भौ.नं.</th><th>ठेक्का नं.</th><th>निर्माण व्यवसायी</th><th>प्रोभिजनल सम अन्तर्गतको कार्य</th><th>PS वापत भुक्तानी रकम</th></tr>
<tr><td>३८-१०।२०</td><td>३८/CW/२०७६।७७</td><td>सफल निर्माण सेवा</td><td rowspan="3">सामान्य मर्मत सम्भार र साइट सफा गर्ने कार्य</td><td>१८०००.०</td></tr>
<tr><td>३९-१०।२०</td><td>३१/CW/२०७६।७७</td><td></td><td>३००००.०</td></tr>
<tr><td>७७-१२।२१</td><td>३४/CW२०७६।७७</td><td></td><td>२५०००.०</td></tr>
<tr><td>२६१-३।२५</td><td>१३/BRT/२०७८।७९</td><td>शुभम डेभलपर्स एण्ड सप्लायर्स</td><td>ल्याव टेष्ट</td><td>१४८८६.०</td></tr>
<tr><td>८-३।२५</td><td>१९/ BRT/२०७८।७९</td><td>ध्रुव कन्ष्ट्रक्सन</td><td>ल्याव टेष्ट</td><td>८०००.०</td></tr>
<tr><td>४६-३।२५</td><td>१०/ BRT/२०७८।७९</td><td rowspan="2">ज्यू जोशी कन्ष्ट्रक्सन</td><td>ल्याव टेष्ट</td><td>१००००.०</td></tr>
<tr><td>४०-३।२४</td><td>बछेला बैजनाथ मन्दिर धार्मिक मार्ग स्तरोन्नति</td><td>ल्याव टेष्ट</td><td>१००००.०</td></tr>
</table></td><td>११५,८८६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ११५८८६.० | |
| ६५ | ६ | २०७८-६-१२ | **पावर टिलर खरिद**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.२९/POT/२०७७।७८ बाट दिनेश मोटर्स प्रा.ली. मार्फत रु.२०३०००।० दरका २२ थान पावर टिलर रु.४४६६०००।० मा खरिद गरी सम्बन्धित आपूर्तकलाई भुक्तानी गरेको छ । भुक्तानी रकममध्ये ५० प्रतिशत लागत साझेदारि सम्बन्धित कृषकको रहेको र बाँकी रकम रु.२२२२०००.० मात्र पालिकाबाट खर्च लेखेको छ । यसरी वितरण गरिएका पावर टिलर प्राप्त गर्ने कृषक वास्तविक कृषक भए नभएको सम्बन्धमा पालिकामा कुनै जानकारी तथा विवरण उपलब्ध भएन । कृषक छनौटको स्पष्ट आधार तयार नगरी सोझै लागत साझेदार गर्ने कृषकलाई भर्पाइ गरी सामाग्री विरतण गरेको देखिन्छ । यसरी प्राप्त गरेको पावर टिलर वास्तविक रुपमा प्रयोग भए नभएको, यसको लागत तथा त्यसबाट कृषकमा भएको लाभ को अवस्थाको सम्बन्धमा पालिकाबाट कुनै अनुगमन भएको देखिएन । वास्तविक आवश्यकता पहिचान गरी कार्यक्रम तयार गर्ने, कार्यक्रममा सहभागी हुनेको आधार र मापदण्डलाई व्यवस्थित वनाउने र वितरित सामाग्रीको उचित प्रयोग र लाभ लागत समेत एकिन हुने गरी अनुगमन गरी प्रतिवेदन तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६६ | | | **शिवजीको मूर्ति निर्माण**<br><br>शिवजीको मूर्ति निर्माण १२९-१।१२ — पालिकाले बजेट खर्च गर्दा तोकीएको बजेट शिर्षक तथा कार्यक्रममा खर्च गर्नुपर्दछ । पालिकाले नगरपालिकाको जग्गादाताको सालिक निर्माण कार्यक्रमको लागि सभाबाट बजेट विनियोजन गरेकोमा भगवान शिवजीको मूर्ति निर्माण गरेको उल्लेख गरी श्री प्रेम टमाटालाई रु.४००६०।० भुक्तानी गरेको छ । सभाबाट विनियोजन गरेको रकम सम्बन्धित कार्यक्रममा नै खर्च गर्ने परिपाटिको विकास गर्नुपर्दछ । | |
| ६७ | | | **चेनेज नखुलाई कार्य** | ४३९,६६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | चेनेज नखुलाई कार्य निर्माण सम्बन्धि कार्य गर्दा सम्बन्धित साइटको क्षेत्र, चेनेज लगाएतको विवरण खुलाएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले कृषि सडक देखि चौतरी सम्मको सडक कालोपत्रे योजनाको लागि कोटेशन माग गरी विभिन्न विलबाट न्यू बाशुलिङ्ग कन्ष्ट्रक्सनलाई रु.४३९६६४.० र सोही योजनाको नाम राखि चेनेज नै नखुलाई सोही नामको योजनामा ममताज कन्ष्ट्रक्सन सर्भिसलाई रु.५०४०२४.० भुक्तानी गरेको छ । यसरी एकै नामको योजनामा चेनेज नखुलाई २ वटा निर्माण व्यवासयीबाट कार्य गराइ रकम भुक्तानी गर्दा काममा दोहोरोपना नभएको सम्बन्धमा एकिन हुन सकिएन । अत सम्बन्धित निर्माण व्यवसायिले गरेको कालोपत्रेको चेनेज खुल्ने गरी पुन नापजाँच गरी काममा दोहोरोपना नभएको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ६८ | | | **मर्मत सम्भार कार्य**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले सम्बन्धित कार्यक्रम तोकी सभाबाट योजना नछुटयाइ मर्मत सम्भार कार्यक्रममा एकमुष्ठ रुपमा बजेट विनियोजन गरी सोही कार्यक्रमलाई टुक्रा पारी कार्य गराएको देखिन्छ । नमुना छनौट गरी परिक्षण गर्दा देहायअनुसार खर्च भएको छ । यसरी एकमुष्ट रुपमा एउटा कार्यक्रममा बजेट विनियोजन गरी उक्त योजनाबाट प्रतिस्पर्धा सिमित हुने गरी योजना टुक्रा पारी सोझै खरिद गर्ने कार्य उचित देखिदैन । यसरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।<br><table><tr><td>क्र.सं.</td><td>भौ.नं.</td><td>निर्माण व्यवसायी</td><td>कामको विवरण</td><td>रकम</td></tr><tr><td>१</td><td>१९-९।२०</td><td>कंचन राष्ट्रिय निर्माण कम्पनी</td><td>वडा नं.६ सडक स्तरोन्नती</td><td>४८२४०८.</td></tr><tr><td>२</td><td>२०-९।२७</td><td>डिलासैनी निर्माण सेवा</td><td>चोरपानी पिकनिक स्पोट इकुपमेन्ट कार्य</td><td>४९४८४३.</td></tr><tr><td>३</td><td>२१-९।२९</td><td>त्रिपुरा निर्माण सेवा</td><td>सुभकामना टोल सडक ग्राभेल</td><td>४९९२०१.</td></tr></table> | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४ \| ३४-१०।१० \| सिद्ध निर्माण सेवा \| प्रतिक्षालय तथा अन्य मर्मत \| ४६८८९८.<br>जम्मा \| १९४५३५०. | |
| ६९ | २६४ | २०७९-३-२० | **आनुपातिक कट्टि**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले घटाल मा.वि. सुडाको फिल्ड मर्मत कार्यको सम्झौता अनुसार रु.३१७२५३।० को लागत अनुमान स्वीकृत गरेको र जसको २१।२ प्रतिशत अर्थात रु.६७२५३।० जनसहभागिता हुने उल्लेख गरेकोमा जम्मा रु.२१६७५०।० कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा उपभोक्ता समितिको अंश बाहेकको रु.१७०८०४।० भुक्तानी गर्नुपर्नेमा रु.२०००००।० भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.२९१९६।० असुल गरी दाखिला गर्नुपर्ने रु. | २९,१९६ |
| ७० | 267 | २०७९-३-२१ | **पर्यटन गुरुयोजना निर्माण**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सम्बन्धित सार्वजनिक निकायको जनशक्तिबाट कुनै कार्य हुन नसक्ने भएमा मात्र कुनै व्यक्ति, फर्म वा संस्थाबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले पर्यटन गुरुयोजना निर्माणको लागि रु.१९९०१६८।८७ को लागत अनुमान स्वीकृत गरी तीन वटा फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी कार्यक्रम सञ्चालन गरेकोमा मुल्याङ्कनबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने स्पाइरल ग्रिड सोलुसनसँग रु.१९८९९९६।९६ मा कार्यक्रम गर्ने गरी सम्झौता गरी कार्य गरेको छ । मिति २०७८।१२।१८ मा तीन महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा संस्थाले २०७९।३।१५ मा कार्यालयमा प्रतिवेदन पेश गरेको देखिन्छ । तर गुरुयोजनाको रुपमा प्रतिवेदन मात्र पेश भएको छ, प्रतिवेदन साथ पर्यटन सञ्चालन गर्दा लाग्ने सम्भाव्य लागत, लागत अनुमान, दरविश्लेषण, योजनाको ड्रइङ डिजाइन लगाएतका विवरण केही उल्लेख नगरी सामान्य रुपमा पालिका अन्तर्गतका सम्भाव्य पर्यटकिए क्षेत्रको बारेमा जानकारी गराएको प्रतिवेदनको आधारमा रकम भुक्तानी भएको छ । प्रतिवेदनमा समावेश भएका विषयहरु कार्यालयका कर्मचारिबाट नै गराउन सकिने खालका भएको अवस्थामा परामर्श सेवा खरिद मार्फत कार्य गराएको तथा पेश भएको प्रतिवेदनमा समग्र कार्यक्रमको व्यहोरा संलग्न नभएकोले यसरी गुरुयोजना निर्माण गर्ने कार्यालाई नियमसम्मत मान्न नसकिएको रु. | १,९८९,९९६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>भुमि आयोगको जग्गाको नापजाँच परामर्श खर्च<br><br>पालिकाले भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यको लागि लगत संकलन, नक्साङ्कन लगाएतको कार्यको लागि परामर्श सेवा खरिदमा यस आर्थिक वर्षमा रु. रु.३९३४६६०।० खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छन्</td><td></td></tr>
<tr><td>७१.१</td><td></td><td></td><td>प्रतिस्पर्धा- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) अनुसार २० लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचिमा रहेका परामर्शदाताबाट आर्थिक र प्राविधिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले भुमीहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यको लागि आवश्यक पालिका भित्रको सम्पूर्ण अव्यवस्थित जग्गाको GIS मापन को लागि देहायबमोजिम परामर्श सेवा खरिद प्राप्त प्रतिवेदन र नक्साका आधारमा गरी रु.३९३४६६०।० भुक्तानी गरेको छ । एकै संस्थाबाट खुला बोलपत्रमार्फत नगरी प्रतिस्पर्धा समित हुने गरि २ वटा परामर्शदाताबाट कार्य गरी रकम भुक्तानी गरेको कार्यलाई नियमसम्मत मान्न सकिदैन । यसरी प्रतिस्पर्धा समित हुने गरी टुक्रा पारि खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं.</th><th>परामर्शदाताको नाम</th><th>लागत अनुमान (मु.अ.कर समेत)</th><th>कबोल/भुक्तानी अंक</th></tr>
<tr><td>३३०-३।२५</td><td>जियो इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१९८६९९२.९</td><td>१९६५०७०.</td></tr>
<tr><td>३३१-३।२५</td><td>चितवन इन्जिनियरिङ्ग सोलुशन</td><td>१९८६९९२.</td><td>१९६९५९०.</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१.२</td><td></td><td></td><td>भुक्तानी — कार्यालय र परामर्शदातासँगको सम्झौताको Section 3.02 अनुसार ३० प्रतिशत सम्झौता पश्चात, ४० प्रतिशत ड्राफ्ट प्रतिवेदन पश्चात र बाँकी रकम अन्तिम प्रतिवेदन नापी कार्यालयबाट अन्तिम रुपमा प्रमाणीकरण भइ आए पश्चात मात्र भुक्तानी गर्ने उल्लेख छ । पालिकाले उक्त सम्झौतामा भएको शर्त विपरित परामर्शदाताले पेश गरेको प्रतिवेदनको आधारमा एकमुष्ट रुपमा सबै रकम भुक्तानी गरेको छ । परामर्शदाताले पेश</td><td>१,१८०,३९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरेका प्रतिवेदन लेखापरीक्षण अवधिसम्म पनि नापी कार्यालयबाट प्रमाणीकरण भएको देखिएन । अतः सम्झौताको शर्त बमोजिमको तेस्रो किस्ता वापतको रकम देहायबमोजिको रकम रु.११८०३९८।० लाई नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><td>क्र.सं.</td><td>भौ.नं.</td><td>परामर्शदाताको नाम</td><td>भुक्तानी रकम</td><td>तेस्रो किस्ता रकम</td></tr>
<tr><td>१</td><td>३३०-३।२५</td><td>जियो इन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>१९६५०७०.</td><td>५८९५२१.</td></tr>
<tr><td>२</td><td>३३१-३।२५</td><td>चितवन इन्जिनियरिङ्ग सोलुशन</td><td>१९६९५९०.</td><td>५९०८७७.</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११८०३९८.</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१.३</td><td></td><td></td><td>प्रतिवेदन र नक्साको अभिलेख — परामर्श सेवा खरिद बापत प्राप्त प्राप्त नक्सा तथा प्रतिवेदन कार्यालयको सम्पत्तीको रुपमा अभिलेखाङ्कन गरी राख्नुपर्दछ । पालिकाले दुईवटा परामर्श दाताले पेश गरेको अनुसन्धान प्रतिवेदन र नक्साको विवरण अभिलेखवद्ध गरेको देखिएन । यसरी प्राप्त प्रमाण कागजात कार्यालयको जिन्सीमा अभिलेख जनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td>३१३</td><td>२०७९-३-२४</td><td>विद्युत ट्रान्फर्मर खरिद र जडान<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्युत ट्रान्सफर्मर, तार पोल खरिद तथा जडान कार्यको सम्झौता अनुसार रु.१८०४४९८।० को लागत अनुमान स्वीकृत गरेको र जसको १६।७ प्रतिशत अर्थात रु.३०११९८।० जनसहभागिता हुने उल्लेख गरेकोमा जम्मा रु.१८००५९३।० को कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा उपभोक्ता समितिको अंश बाहेकको रु.१४९९६९८।० भुक्तानी गर्नुपर्नेमा रु.१५२६१८९।० भुक्तानी गरेकोले बढी भुक्तानी रकम रु.२६२९५।० असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>२६,२९५</td></tr>
<tr><td>७३</td><td>३३७</td><td>२०७९-३-२५</td><td>तारजाली खरिद</td><td>४९८,४४३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सोझै विधिबाट पी.एम.पी. सप्लायर्सबाट 3*1.5*0.75 साइजका ८२ थान र 3*1*1 सइजका २० थान समेत १०२ थान ग्याविन जाली खरिद गरी रु.४९८४४३।० भुक्तानी गरेको गरेको छ । यसरी खरिद गरेको जाली वडाको एकमुष्ट सिफारिसको आधारमा वितरण भर्पाइ संलग्न राखि वितरण गरेको छ । यसरी वितरीत ग्याविन जाली सम्बन्धित क्षेत्रमा जडान/भरान भएको नापी किताब तयार गरी कार्य गरेको प्रमाण पेश हुनुपर्दछ । | |
| ७४ | ३५७ | २०७९-३-२५ | **सोलार खरिद**<br><br>सोलार खरिद- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक सौर्यवत्ती र सिसिक्यामरा जडान कार्यक्रम अन्तर्गत ग्लोबल टेक्नोलोजीबाट ९ सेट सोलार प्यानल खरिद गरी रु.४१५३८४ भुक्तानी गरेको छ । यसरी खरिद गरेको सोलार खरिद कार्य सम्पन्न भएको नापी किताब संलग्न राखी खर्च लेखेको भएता पनि उक्त सोलार पालिकाको जिन्सी दाखिला, सम्बन्धित ठाउँमा जडान वा सम्बन्धित समुदायलाई हस्तान्तरण भएको देखिदैन । यसरी पालिकाले वर्षेनी सडक सोलार खरिद गर्ने तर कुन कुन ठाउँमा जडान भएको हो सो को प्रमाण पालिकामा नराख्दा खरिद र जडान कार्यमा दोहोरोपना हुन सक्ने जोखिम रहन्छ । अतः पालिकामा जिन्सी सामाग्री दाखिला गर्ने र कहाँ कहाँ कुन अवस्था जडान भएको छ सोको प्रमाण संलग्न गर्नुपर्दछ । | |
| ७५ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अनुदान**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु.१ करोड ९० लाख निकासा भएको छ | १५,४००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.</th><th>विद्यालय</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२३-१/२५</td><td>वैजनाथ मा.वि. जडेपानी</td><td>नमुना विद्यालय अनुदान</td><td>६४००००.</td></tr>
<tr><td>२</td><td>३६-३/२३</td><td>भुवनेश्वरी मा.वि. सिसैया</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००.</td></tr>
<tr><td>३</td><td>३६-३/२३</td><td>जनता मा.वि. गाउजी</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००.</td></tr>
<tr><td>४</td><td>५०-३/२५</td><td>बैजनाथ मा.वि. जडेपानी</td><td>नमुना विद्यालय अनुदान</td><td>९३६००००.</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५४०००००.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>धरमपुर-सिसैया झो.पु.<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । धरमपुर सिसैया झोलुङ्गे पुल योजना रु.१०१२०७३४।० मा सम्पन्न गर्ने गरी भएको सम्झौतामा सरकारको रु.९३११०७५।०, नगरपालिकाको रु.६०७२४४।० र जनश्रमदान रु.२०२४१४।० बराबरको योगदान उल्लेख छ । पालिकाले उक्त योजनाको तेस्रो रनिङ्ग विलसम्ममा रु.४४५०४१९।० बराबरको कार्यसम्पन्न भएकोमा सम्झौता अनुसार पालिकाको योगदान रु.२६७०२५।० हुनुपर्नेमा रु.२२३९९२।० मात्र भएको र बाँकी रकम रु.४३०३२।० संघीय सरकार तर्फबाट बढी भुक्तानी भएको देखिएकोले बाँकी रकम भुक्तानी गर्दा सोही अनुसारको अंश कायम गरी भुक्तानी गर्नुपर्ने रु.</td><td>४३,०३२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **उपभोक्ता समिति मार्फत खरिद** | |
| ७७.१ | | | **लागत सहभागिता '** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ७७.२ | | | **हस्तान्तरण नगरेको -** सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ७७.३ | | | **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ७७.४ | | | **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएका सबै निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ७८ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को बुँदा नं. ५ अनुसार जस्तापाता तथा काठ लागएत सामाग्री खरिदको लागि ६० प्रतिशत रकम उपलब्ध गराउने र उक्त कार्य सकिपछि बाँकी रकम निकासा गर्ने उल्लेख छ । पालिकाले कार्यविधि अनुसार १७१ जनालाई रु.३००००।० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | का दरले रु.५१३००००।० सम्बन्धित लाभग्राहीको खातामा रकम निकासा गरेको छ । यसरी निकासा गरेको रकमबाट सम्बन्धितले तोकीए अनुसारको सामाग्री खरिद गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखएन । अतः सम्बन्धितले तोकीए अनुसारको कार्य गरे नगरेको एकीन गरी दोस्रो किस्ता वापतको बाँकी रकम निकासा गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७९ | | | **टुक्रा पारी खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले देहायबमोजिमको खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा बनाई खरिद गरेको छ । टुक्रा परी खरिद गरेको रकम नियमसम्मत मान्न नसकीएको रु. | ५,८००,२४३ |

| भौ.नं. | कार्यक्रम | आपूर्तक/निर्माण व्यवसायी | रकम | |
|---|---|---|---|---|
| २७-१०।५ | पार्कको वाउन्डरी निर्माण | व्यारा भवानी निर्माण सेवा | ४८९२८५.० | |
| २८-१०।५ | पार्कको वाउन्डरी निर्माण | मादेउ निर्माण सेवा | ४४७३४०.० | |
| ७९-१२।२८ | कृषि सडक देखि चौतरी सम्मको सडक कालोपत्रे | न्यू वासुलिङ्ग कन्ष्ट्रक्सन | २३३४४२.० | |
| ८०-१२।२८ | कृषि सडक देखि चौतरी सम्मको सडक कालोपत्रे | ममताज कन्ष्ट्रक्सन सर्विस | २६५७१६.० | |
| १२५-१।८ | कृषि सडक देखि चौतरी सम्मको सडक कालोपत्रे | नेशनल कन्ष्ट्रक्सन कम्पनी | २८७४२१.० | नाला निर्माण |
| २२०-३।६ | कृषि सडक देखि चौतरी सम्मको सडक कालोपत्रे | न्यू वासुलिङ्ग कन्ष्ट्रक्सन | २०६४२२.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१९-३।६</td><td>कृषि सडक देखि चौतरी सम्मको सडक कालोपत्रे</td><td>ममताज कन्ष्ट्रक्सन सर्विस</td><td>२३८३०८.०</td><td></td></tr>
<tr><td>८७-१२।२९</td><td>विभिन्न सडक स्तरोन्नती गर्ने कार्य</td><td>बेदकोट निर्माण सेवा</td><td>९९०८५८.०</td><td></td></tr>
<tr><td>३६०-३।२५</td><td>बिभिन्न खोलामा तटवन्ध निर्माण</td><td>चौधरी कन्ष्ट्रक्सन सेवा</td><td>७७६१३७.०</td><td></td></tr>
<tr><td>३६४-३।२५</td><td>विभिन्न सडक मर्मत र नदि नियन्त्रण</td><td>कालु एण्ड सन्स निर्माण सेवा</td><td>७४६८९७.०</td><td></td></tr>
<tr><td>८९-१२।२९</td><td>फर्निचर तथा फिक्चर्स</td><td>बागेश्वरी सः मिल तथा फर्निचर उद्योग</td><td>२५५३८०.०</td><td></td></tr>
<tr><td>९१-१२।२९</td><td>फर्निचर तथा फिक्चर्स</td><td>संघारी ट्रेडस एण्ड सप्लायर्स</td><td>१३२१५३.०</td><td></td></tr>
<tr><td>९२-१२।२९</td><td>फर्निचर तथा फिक्चर्स</td><td>मेहरा स्टील फर्निचर उद्योग</td><td>१५४८६६.०</td><td></td></tr>
<tr><td>१४७-१।२३</td><td>फर्निचर तथा फिक्चर्स</td><td>संघारी ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१०५४८६.०</td><td></td></tr>
<tr><td>२५६-३।१९</td><td>फर्निसिङ तथा कार्पेटिङ</td><td>बागेश्वरी सःमिल तथा फर्निचर उद्योग</td><td>२५३००७.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४-६।१८</td><td>फर्निचर खरिद</td><td>न्यू मेहरा स्टील फर्निचर उद्योग</td><td>२१७५२५.०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५८००२४३.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>
पाम्समा दाखिला र अभिलेख<br><br>
सरकारी कार्यालयले कार्यालयमा प्राप्त हुने जिन्सी तथा अन्य सामाग्री प्राप्त भए पश्चात पाम्स (PAMS) मा दाखिला गरी अभिलेखवद्ध गर्नुपर्दछ । पालिकाले यस वर्ष ४ वटा डि.पी.आर. प्रतिवेदन तयारीमा रु.४२ लाख ५७ हजार, ५ वटा गुरु योजना निर्माणमा रु.६८ लाख ७ हजार, ४ वटा नक्सांकन प्रतिवेदनमा रु.६४ लाख २२ हजार, र ३ वटा आइ इ इ प्रतिवेदनमा रु.१४ लाख ८१ हजार समेत रु.१ करोड ८९ लाख ६७ हजार खर्च लेखेकोमा कुनै पनि प्रतिवेदन पाम्समा दाखिला गरेको छैन र कार्यालयले पेश गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा पनि उल्लेख गरेको देखिदैन । उक्त प्रतिवेदन पुरानो खप्ने जिन्सी किताबमा दाखिला गरी राख्ने गरेको प्रतिक्रिया दिएको छ । यसरी खरिद गरेका दिर्घकालिन रुपमा प्रयोगमा आउने प्रतिवेदन पाम्समा दाखिला नगर्दा यसको अभिलेखमा समस्या आउने देखिन्छ । गत विगत वर्षमा पालिकाले तयार गरेका डिपिआर लगाएतका प्रतिवेदन र यस आर्थिक वर्षमा तयार भएका प्रतिवेदनको अभिलेख खडा गरी खप्ने जिन्सीकिताबमा अभिलेख बाध्ने तथा उक्त कार्यमा पुन खर्च गर्न सक्ने अवस्था आउन नदिन अभिलेख व्यवस्था चुस्त हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>
परामर्श सेवा<br><br>
सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएई रु.१९४६५२०४।४६ खर्च गरेको छ । अध्ययन प्रतिवेदन तयार भएका अधिकांश आयोजनाहरु कार्यान्वयन गएको नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत लागत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th></th><th></th><th>भएको आयोजनाको लागत</th></tr>
<tr><td>१</td><td>Preperation of Detail Project Report (DPR) of for Linga Ward no 4 and Bedkot Taal Ward no 3 Foot Trail with Landscaping, Bedkot Municipality. Kanchanpur</td><td>P.G. Engineering Consultancy Pvt. Ltd.</td><td>499108.57</td><td>497426.00</td><td>45479479.02</td></tr>
<tr><td>२</td><td>Detailed Project Report of Bagun Khola River Training Works</td><td>Shinning Axis Consultant P.Ltd</td><td>878000.00</td><td>875750.00</td><td>121922100.3</td></tr>
<tr><td>३</td><td>"Preparation of Periodic Plan of Bedkot Municipality, kanchanpur"</td><td>EFI Nepal Pvt. Ltd.</td><td>1996721.30</td><td>1989930.00</td><td></td></tr>
<tr><td>४</td><td>Preparation of master plan, Detail design, Drawing, Cost Estimate of various components and DPR report of Chaudhar River (Cremation) Ghat at Chaudhar, Kanchanpur</td><td>On Flow Engineering Pvt. Ltd</td><td>997,007.48</td><td>996773.00</td><td>37126235.31</td></tr>
<tr><td>५</td><td>Preparation of Flood inundation map and establishment of warning level at Chaudhar and Radha River</td><td>Resilient Construction & Development Pvt. Ltd.,</td><td>1997855.82</td><td>1991060.00</td><td>3180068.39</td></tr>
<tr><td>६</td><td>Detailed Project Report (DPR) Preparation for Shopping Complex Building at Sisaiyya, Kanchanpur</td><td>Assertive Consulting Group Pvt.Ltd., Balkot, Bhaktapur</td><td>1435100.00</td><td>1415890.00</td><td>263724491.1</td></tr>
<tr><td>७</td><td>Consultancy Service for "Land Issue Resolving Program and GIS Mapping</td><td>Chitwan Engineering Solution Pvt. Ltd., Bharatpur, Chitwan</td><td>1986992.00</td><td>1969590.00</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | for Landless, Unmanaged Settlement in Bedkot Municipality " | | | | |
| ८ | Consultancy Service for "Preparation of Tourism Masterplan of Bedkot Municipality, Kanchanpur " | Spiral Grid Solution Pvt. Ltd., Kathmandu | 1990168.87 | 1987999.96 | |
| ९ | Consultancy Service for "Preparation of MASTER PLAN AND DPR OF BHAMKESHWAR & PURNAGIRI TEMPLE INFRASTRUUCTURE AT BEDKOT 4, 6 KANCHANPUR " | Royal Kanchanpur Engineering Design & Solution Pvt. Ltd., Kanchanpur | 990445.00 | 987620.00 | 139214620 |
| १० | Consultancy Service for "Land Issue Resolving Program and GIS Mapping for Landless, Unmanaged Settlement in Bedkot Municipality " | GEO Engineering Consultancy Pvt. Ltd., Kathmandu | 1986992.00 | 1965070.00 | |
| ११ | Preparation of Master Plan & DPR of Radha River trainning along with Road | Dristi Architect and Engineers Pvt. Ltd | 844066.77 | 844000.00 | 423961445.6 |
| १२ | Initial Environmental Examination (IEE) for the extraction of Riverbed materials from Bagun Khola ward No-4 at Bedkot Municipality | Manaslu Engineering Consultancy & Research Center | 499907.93 | 493245.00 | |
| १३ | Initial Environmental Examination (IEE) for the extraction of Riverbed materials from Chhela River ward No-4, at Bedkot Municipality | Shan Engineering Consultancy Services | 499907.93 | 494714.00 | |
| १४ | Initial Environmental Examination (IEE) for the extraction of Riverbed materials fromGhursuwa, Musepani, | Prarambha Engineering Consultancy Pvt. Ltd. | 499907.93 | 494205.50 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>Gauji ward No-5,6at Bedkot Municipality</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१५</td><td>Consultancy Service for Ground Control Point Establishment By Using GNSS</td><td>Geo Engineering Consultancy Pvt. Ltd., Kathmandu</td><td>499561.70</td><td>496070.00</td><td></td></tr>
<tr><td>१६</td><td>Preparation of DPR of Chaudhar River Road Cooridor and River Training Projects, kanchanpur</td><td>Circumspect Consulting Services Pvt. Ltd</td><td>1486929.77</td><td>1468435.00</td><td>74290615.63</td></tr>
<tr><td>१७</td><td>Preperation of Detail Project Report (DPR) of for Linga Ward no 4 and Bedkot Taal Ward no 3 Foot Trail with Landscaping, Bedkot Municipality. Kanchanpur</td><td>P.G. Engineering Consultancy Pvt. Ltd.</td><td>499108.57</td><td>497426.00</td><td>45479479.02</td></tr>
<tr><td></td><td>Total</td><td></td><td>19587781.64</td><td>19465204.46</td><td>1154378534</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>
ह्युमपाइप खरिद<br><br>
ह्युमपाइप खरिद - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले सोझै विधिबाट देहायबमोजिम ह्युमपाइप खरिद गरी रु.२७३७४७६।० भुक्तानी गरेको गरेको छ । खरिद गरेको ह्युमपाइप बुझेको भर्पाइ संलग्न राखि वितरण गरेको छ । यसरी वितरण भएको ह्युमपाइप सम्बन्धित क्षेत्रमा जडान/भरान भएको खुल्ने नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.नं.</td><td>आपूर्तक</td><td>ह्युमपाइपको साइज</td><td>रकम</td><td>कैफित</td></tr>
</table>
</td><td>२,७३७,४७६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १२६-१।८ | मालिकार्जुन ह्युमपाइप एण्ड कंक्रिट उद्योग | NP3 300 mm १७ थान, NP3 ४५० mm १२ थान, NP3 १२००mm १थान | ४९२९३९. | |
| १५१-१।२५ | विशाल कंक्रिट उद्योग | NP3 ९००mm ४ थान,<br>NP3 ६००mm २ थान,<br>NP3 ४५०mm २ थान | २४१९७८. | |
| २८७-३।२३ | विशाल ह्युमपाइप उद्योग | NP3 ४५०mm १ थान,<br>NP3 ३००mm ६ थान | ८५८३१. | |
| ३१०-३।२४ | मालिकार्जुन ह्युमपाइप एण्ड कंक्रिट उद्योग | NP3 ३००mm ५९ थान,<br>NP3 ४५०mm १६ थान,<br>NP3 ६००mm १३ थान,<br>NP3 ९००mm २ थान | ७२५२९०. | |
| ३१५-३।२४ | गलवाव ट्रेडर्स एण्ड सप्लायर्स | NP3 ३००mm १० थान,<br>NP3 ६००mm २ थान | १९६४७३. | |
| ३५६-३।२५ | मालिकार्जुन कंक्रिट उद्योग | NP3 ३००mm ३६ थान,<br>NP3 ४५०mm १२ थान, | ९९४९६५. | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td>NP3 ६००mm ८ थान,</td><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>NP3 १२००mm २ थान</td></tr>
<tr><td></td><td></td><td></td><td>२७३७४७६.</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण</td><td></td></tr>
<tr><td>८३.१</td><td></td><td></td><td>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत एक बैंकबाट जम्मा रु. १९,९७,२४,५२७।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :-<br>सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३.२</td><td></td><td></td><td>केवाइसी अपडेट- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३.३</td><td></td><td></td><td>निष्कृय खाताको निवरण- सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको र बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध गराएको छ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | । उक्त विवरण अनुसार १९८ जना लाभग्राहीको रु. २२,७२,९७२ खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ । पालिकाले ति डोरम्याट खाताहरुको विवरण छानविन गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ८४ | | | **पदाधिकरी सुविधाः**<br><br>नेपालको संविधानको धारा २२७ मा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार नगरपालिकाबाट आ.व. २०७८/७९ मा रु. १,०९,०८,५००.० सुविधा वापत भुक्तानी भएको छ । | |
| ८५ | | | **कर्मचारी कल्याण कोष-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यबस्था छ । कर्मचारी कल्याणकोषमा गत वर्षको मौज्दात रु. ८७,८३,६५७।८५ रहेकोमा नगरपालिकाले यस वर्ष वित्तिय समानीकरणबाट रु.२०००००० एकमुष्ट ट्रान्सफर गरी कुल रकम १,०७८,३६५०।८५ मध्ये सब इन्जिनियर सिद्वराज ओझालाई उपदान बाफत रु. ३८,०१,९५५ भुक्तानी गरी रु. ६९,८१,७०३।८५ मौज्दाद बाँकी रहेको विवरण पेश भएको छ । ऐनमा भएको उपर्युक्त व्यवस्था अनुसार सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ । | |
| ८६ | | | **बेमौसमी वर्षाको क्षतिपूर्ती-**<br><br>२०७८ असोज ३१ देखि कार्तिक ५ सम्म परेको बेमौसमी वर्षाका कारण भएको धानवालीमा भएको क्षतिको राहात स्वरुप जिल्ला प्रशासन कार्यालय कैलालीबाट पालिकालाइ प्राप्र भएको रु.१,५६,८५,७८१.१८ मध्ये रु.१,४७,२७,११४.०९ वितरण गरिएको र रु.९,५८,६६७.१६ सम्बन्धित निकायलाई फिर्ता गरेको छ । | |
| ८७ | | | **सामुदायिक छाडा गाईगोरु व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा ६ जना हेरालुको पारीश्रमिकमा रु.६९६०००।० पशु चौपायको लागि पराल खरिद, ढुवानी तथा औषधी खरिदकोमा रु.१९९३१४६।० समेत वार्षिक रु.२६८९१४६।० सिद्धसरोवर ब्रह्मकुञ्ज पर्यटकीय क्षेत्र धार्मिक वन संरक्षण समूहलाई भुक्तानि गरेको छ । यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ । उक्त काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँ संकलन हुने पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिंदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ । | |
| ८८ | | | **विभिन्न शाखा सडक मर्मत तथा ग्राभेलका लागि इन्धन खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले नापि किताब, कार्यसम्पन्न प्रतिवेदन, खर्च गर्ने आधार, योजना सम्झौता कुनै कागजात सम्लग्न नगरी सोझै प्राप्त इन्धन विलको आधारमा सम्बन्धित आपूर्तकलाई इन्धन तथा मर्मत बापतको रकम भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु. | १,५६०,४२५ |

| भौ.नं. | आपूर्तक | रकम | कैफियत |
|---|---|---|---|
| १५-९।५ | विपिन इन्टरप्राइजेज | १२९६९४.० | इन्धन |
| १८-९।२० | महाशश्ति फिलिङ्ग सेन्टर | १५३०८१.० | इन्धन |
| ४०-१०।२३ | विपिन इन्टरप्राइजेज | १११५१४.० | इन्धन |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४७-११।८ | महाशक्ति फिलिङ्ग सेन्टर | ९२९२५.० | इन्धन |
| ४८-११।८ | महाशक्ति फिलिङ्ग सेन्टर | १८५८५.० | इन्धन |
| ७२-१२।१५ | महाशक्ति फिलिङ्ग सेन्टर | २६६६३४.० | इन्धन |
| ८३-१२।२८ | ए.डी. अर्थमुभर्स एण्ड सर्भिस सेन्टर | २२७६९५.० | मर्मत |
| ११८-१।५ | विपिन इन्टरप्राइजेज | ३३७००७.० | इन्धन |
| २०२-३।२ | महाशक्ति फिलिङ सेन्टर | २२३२९०.० | इन्धन |
| | जम्मा | १५६०४२५.० | |

८९

**अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नेपाल रेडक्रस सुडा उपशाखा | भवन निर्माण | ४८५०००.० |
| २ | नेपाल रेडक्रस बेदकोट उपशाखा दैजी | भवन निर्माण | ४३४७४२.० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९०</td><td></td><td></td><td>कार्यालयको जग्गा<br><br>पालिकाले आफ्नो मातहत रहेको सार्वजनिक, संस्थागत तथा व्यक्तिगत जग्गाको अभिलेख अध्यावधिक रुपमा राख्नुपर्दछ र पालिका भित्रको सरकारी जग्गाको संरक्षण गर्नुपर्ने दायित्व पनि पालिकाको रहन्छ । तयर पालिकाले आफ्नो क्षेत्र भित्रका सरकारी/ सार्वजनिक जग्गाको लगत राखेको पाइएन । साथै पालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय भवन, अस्पताल आदि जग्गाको आफ्नै नाममा लापुर्जा बनाएको पाइएन र कुन कुन संस्थाको जग्गा कसको नाममा/भोगाधिकारमा छ सो सम्बन्धमा पनि कुनै विवरण पालिकामा राखेको पाइएन । अतः पालिकाले आफ्नो सम्पत्तीको संरक्षण र उपयोगमा ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>ननफाइलरः<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.९२,३७५.४९ समेत रु.७,१०,५८०.८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।<br><br>
<table>
<tr><th>गो.भौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>ननफाइलर रहेको मिति</th></tr>
<tr><td>९७/२०७८-०७-११</td><td rowspan="3">संघारी ट्रेडर्स एण्ड सप्लायर्स</td><td rowspan="3">३०१४२५१५३</td><td>३६,०६४.००</td><td>४६८८.३२</td><td rowspan="3">२०७८ फाल्गुणदेखि</td></tr>
<tr><td>७५६/२०७९-०३-०७</td><td>१,०९,१९१.००</td><td>१४१९४.८३</td></tr>
<tr><td>८१४/२०७९-०३-१५</td><td>४२४२०.२०</td><td>५५१४.६२</td></tr>
</table></td><td>९२,३७५.४९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>८१५/२०७९-०३-१५</td><td></td><td></td><td>३२९०५.६०</td><td>४२७७.७२</td><td></td></tr><tr><td>५८६/२०७९-०१-१५</td><td>सिमारेखा मिडिया प्रा लि</td><td>६१००४८८३०</td><td>४,९०,०००.००</td><td>६३,७००.००</td><td>२०७९ बैशाखदेखि</td></tr><tr><td colspan="3">**जम्मा**</td><td>**७,१०,५८०.८**</td><td>**९२,३७५.४९**</td><td></td></tr></table>कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | |
| ९२ | | | **भर्पाई/प्रमाण पेश नभएको:**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम खर्च लेखेको तर सो कार्यक्रम गरे पश्चात भर्पाई,कार्यसम्पन्न प्रतिवेदन र प्रमाण पेश नभएकोले कार्यक्रमको प्रभावकारिता बारे एकिन गर्न सकिएन।कार्यक्रम भए पश्चातको कार्यक्रम सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.<table><tr><th>क्र.सं.</th><th>भौ.नं./मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>ब्यक्ति/पार्टी</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr><tr><td>१</td><td>७९७/२०७९-०३-१३</td><td>विपन्न महिलाहरुका लागि व्यवसायिक बाख्रापालन तालिम कार्यक्रम</td><td>श्री विपन्न महिलाका लागि जिविकोपार्जन तालिम तथा कार्यक्रम उपभोक्त समिति</td><td>२,००,०००.००</td><td></td></tr></table> | ५००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>८८८/२०७९-०३-२२</td><td>बेमौसमि तरकारी उत्पादन तालिम</td><td>श्री आस्था पुञ्ज कृषि सहकारी संस्था लि.</td><td>३,००,०००.००</td><td></td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५,००,०००.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३</td><td></td><td></td><td>घर भाडाः<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय,जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागि घरभाडा वापत रु.६,४५,६०१.० भुक्तानी गरेकों पाईयो ।घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण,उपयोग तथा हक हस्तान्तरणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु अभिलेख राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **पूँजीगतबाट सोझै पालिकामा आम्दानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले के कार्यक्रममा के कति आम्दानी भएको हो सो को उल्लेख नगरै विभिन्न ६ शिर्षकको बजेटबाट पालिकाको राजस्व खातामा सोझै रु.८०७५८३.० ट्रान्फर गरी आन्तरिक आम्दानी जनाएको छ । विभिन्न योजनामा पालिकाको डोजर, लोडर, ट्रिपर लगाएतका सवारी साधन प्रयोग भएको उल्लेख गरी रकम ट्रान्फर गरेकोमा कुन योजनामा के कति समय प्रयोग भएको विवरण संलग्न गरेको छैन । आम्दानी गर्दा विवरण खुलाएर सम्झौता बमोजिम आम्दानी भएको एकिन गरी आम्दानी बाध्नुपर्दछ । | |
| ९६ | | | **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा**<br><br>स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा आन्तरिक लेखापरीक्षणबाट औल्याएका कैफियत अधिकारीले अन्तिम लेखापरिक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षणबाट औल्याएका देहायका कैफियत सम्परीक्षण नगरेकोले नियमानुसार असुल फस्यौंट गर्नुपर्दछ । | ९,९८० |

| क्र.सं. | भौ.नं. | व्यहोरा | रकम |
|---|---|---|---|
| १ | ४६०-२०७८।१२।९ | बेदकोट किशोरी सञ्जाललाई आत्म सुरक्षा तालिमको बील भुक्तानी रु.१८८७२५।० दिदा पारिश्रमिक कर रु.२०२५०।० कट्टी गरी भुक्तानी दिनुपर्नेमा रु.१८७५०।० कट्टि गरी भुक्तानी दिएकाले बाँकी करको रकम रु.१५००।० असुल उपर गरि दाखिला गर्नुपर्ने रु. | १५००.० |
| २ | ५४९-२०७९।१।५ | भुइया समाज सेवा समितिलाई थारुहरुको परम्परागत पोशाक घघरिया सिलाई तालिमको रु.२०००००।० भुक्तानी दिई बजेट खर्च जनाउँदा प्रशिक्षक र संयोजकको भत्ता खर्च रु.३००००।० को पारिश्रमिक कर रु.४५००।० कट्टी भई दाखिला नभएकोले करको रकम रु.४५००।० असुल गरी दाखिला गर्नुपर्ने रु. | ४५००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३ \| ७९७-२०७९।३।१३ \| विपन्न महिलाका लागि जिविकोपार्जन तालिम तथा कार्यक्रम उपभोक्ता समितिलाई बाख्रापालन तालिमको संलग्न बील भर्पाइ अनुसार १९६०२०।० भुक्तानी दिनुपर्नेमा रु.२०००००।० भुक्तानी दिई बजेट खर्च जनाएकोले बील भर्पाई विनाको भुक्तानी रु.३९८०।० असुल गरि दाखिला गर्नुपर्ने रु. \| ३९८०.० <br> जम्मा \| ९९८० | |
| ९७ | | | **अनुगमन तथा सम्परीक्षण** | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

रु.हजारमा

| गत वर्षसम्मको बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| ८४६२९ | १६०५ | ८६२३४ |

यस वर्ष पालिकालको दहायबमोजिमको बेरुजु सम्परीक्षण भएको छ । साथै आर्थिक वर्ष २०७७।७८ को सम्परीक्षण NAMS मार्फत हुने हुँदा त्यसको जानकारी समेत NAMS मार्फत नै गराइने छ ।

| क्र.सं. | आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | फस्यौंट विवरण | सम्परिक्षण आधार | रकम | |
|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

<table>
<tr><td>१</td><td>२०७५ ।७६</td><td>५६</td><td>बढी इन्धन भुक्तानी रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने</td><td>देहायबमोजिमको उपभोक्ता समितिबाट रु.२५८७६९.० असुल दाखिला भइ भौचर पेश भएको
<table>
<tr><td>क्र.सं.</td><td>उपभोक्ता समितिको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>उद्धव खत्रीको घरदेखि अमरज्योति स्कुल सम्म सडक ग्राभेल</td><td>५४७७४.५</td></tr>
<tr><td>२</td><td>सडक ग्राभेल नि.उ.स.</td><td>१०८०४१.०</td></tr>
<tr><td>३</td><td>श्रोत केन्द्रदेखि अधुरो बाटो निर्माण उ.स.</td><td>९५९५३.५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५८७६९.०</td></tr>
</table></td><td>असुली</td><td>२५८७६९.०</td></tr>
<tr><td>२</td><td>२०७५ ।७६</td><td>६७</td><td>आनुपातिक कट्टी गरी उपभोक्ता समितिबाट असुल गर्नुपर्ने</td><td>विर्खु चौधरीको जाने बाटो नियन्त्रण निर्माण उपभोक्ता समिति वडा नं. ६ को बेरुजु रकम रु.८१५५७.८४ असुल दाखिला गरी भौचर पेश भएको</td><td>असुली</td><td>८१५५७.८४</td></tr>
<tr><td>३</td><td>२०७५ ।७६</td><td>९०</td><td>कृकेट स्टेडियमको डी.पी.आर प्रतिवेदन नगरपालिकामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने</td><td>पालिकामा डि.पी.आर. प्रतिवेदन दाखिला भएको प्रमाण पेश भएको</td><td>प्रमाण</td><td>१०३५०८०.०</td></tr>
<tr><td>४</td><td>२०७६ ।७७</td><td>७५</td><td>पेश्की बाँकी</td><td>पेश्की फस्यौंट भएको प्रमाण पेश भएको ।</td><td>पे.फ.</td><td>२३००००.०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | | १६०५४०६.८४ |